का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० असोज २०८२
बिहीबार
16 October 2025
Thursday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २३, अंक २५० । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

# फरक कित्तामा उभियो एमाले






**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

संसदको पुनर्स्थापना गर्दै देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन जनआन्दोलनको विकल्प नरहेको हाम्रो पार्टीको निष्कर्ष छ ।



**देवराज घिमिरे**
सभामुख

प्रतिनिधि सभा विघटन नगरी निकास निकाल्न सकेको भए राम्रो हुन्थ्यो । अझै पनि लोकतन्त्र र संविधान रक्षाका लागि मैले के गर्नुपर्छ, गर्छु ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ असोज

अधिकांश राजनीतिक दल चुनावको पक्षमा उभिएका छन् । नेपाली कांग्रेसले संसद् पुनर्स्थापनाको मागलाई खुला राखेर चुनावी वातावरणको माग गरिरहेको छ ।

यसबेला नेकपा एमाले भने अरूभन्दा फरक कित्तामा उभिएर संसद् पुनर्स्थापनालाई एजेन्डा बनाएर नेपाली राजनीतिलाई ध्रुवीकरण गर्ने रणनीतिमा छ । एकातिर आफू अर्कोतिर अन्य राजनीतिक दल र शक्ति देखाउने उसको प्रयास देखिन्छ । बुधबारदेखि सुरु भएको एमालेको केन्द्रीय समितिको बैठकमा राजनीतिक दस्ताबेज प्रस्तुत गर्दै अध्यक्ष केपी शर्मा ओलीले संसद् पुनर्स्थापनाको माग लिएर सडक आन्दोलनमा जाने प्रस्ताव राखेका छन् ।

उनको राजनीतिक प्रस्तावमा अब हुने भनिएको आन्दोलनलाई 'जनआन्दोलन' भनिएको छ । उनले सो आन्दोलनमा सरिक हुन संविधान र लोकतन्त्रका पक्षधर शक्तिलाई आह्वान पनि गरेका छन् । राजनीतिक दस्ताबेजको १४औं बुँदामा 'देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन 'आन्दोलन' शीर्षकमा ओलीले लेखेका छन्, 'सरकारको संरक्षणमा भइरहेका ज्यादती र उल्टो गतिविरुद्ध एवं विघटित संसद्को पुनर्स्थापना गर्दै देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन जनआन्दोलनको विकल्प नरहेको हाम्रो पार्टीको निष्कर्ष पनि हामी प्रस्ट पार्न चाहन्छौं ।'

अध्यक्ष ओलीको प्रस्ताव केन्द्रीय समितिले अनुमोदन गरेको खण्डमा एमाले संसद पुनर्स्थापनाका लागि सडक संघर्षमा जानेछ ।

एकातिर सडक संघर्ष हुने र अर्कोतिर सरकार आगामी फागुन २१ मै चुनाव गराउने वातावरण बनाउन असफल हुने अवस्था बन्यो भने त्यसबेला संसद् पुर्नस्थापनाको माग बलियो हुन्छ । अहिले संसद् पुनर्स्थापनाको मागलाई खुला राखेर चुनावी वातावरण मागिरहेको कांग्रेससमेत एमालेको एजेन्डातिर ढल्किन सक्छ । यस्तो बेला फेरि चुनाव गर्ने समय थप गर्नेभन्दा संसद् पुनर्स्थापनाको मागसम्बन्धी एजेन्डा चर्को बन्न सक्छ । त्यस्तो बेला सर्वोच्च अदालतलाई पनि कुनै न कुनै रूपमा निकास दिनुपर्ने दबाब पर्छ । यो वातावरण बनाउने प्रयासमा एमाले छ ।

संसद् पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा मंगलबार १० वटा मुद्दा पुगेका थिए । त्यसमध्ये नौवटा मुद्दा बुधबार दर्ता भएका छन् । दर्ता गरिएका रिटहरूमाथि कात्तिक १२ मा प्रारम्भिक पेसी तोकिएको सर्वोच्च अदालत प्रशासनले जनाएको छ । सर्वोच्च प्रशासनका अनुसार दर्ता गरिएका सबै नौ रिट संवैधानिक इजलासमा तोकिएको छ ।

सर्वोच्च अदालतमा रिट दर्ता भइराख्दा सभामुख देवराज घिमिरेले पनि यो विषयमा औपचारिक रूपमै छलफल सुरु गरेका छन् । सभामुख एमालेबाट निर्वाचित प्रतिनिधि सभा सदस्य हुन् । बुधबारको छलफलमा पनि एमालेले मात्रै सभामुखलाई संसद् पुनर्स्थापनाको माग लिएर सर्वोच्च अदालत जान सुझाव दिएको छ ।

जेनजी आन्दोलनपछिको परिस्थितिमा सरकार बनेको अवस्था र अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिले गरेको प्रतिनिधिसभा विघटनको विषयलाई लिएर अगामी दिनमा पृष्ठ २ मा

## उस्तै रवाफमा ओली

एमाले अध्यक्ष ओली पुरानै रवाफ र शैलीमा पार्टी बैठकमा प्रस्तुत भएका छन् । जेनजी आन्दोलन भड्किएर ठुलो भौतिक तथा मानवीय क्षतिपछि सत्ता गुमाएका उनीमाथि पार्टी नेतृत्व छाड्न दबाब बढेको छ । विरोध गर्ने नेताहरूलाई उनले पार्टी कमिटीमा बहुमत पुऱ्याएर आफूलाई हटाउन चुनौती दिएका छन् । 'मैले हट्नु पर्छ कि पर्दैन भन्ने फेसबुकले भन्ने होइन, यो कमिटीले भनेको बेलामा यो आदेश दिने ठाउँ हो,' ओलीले भने, 'यसको आदेशमा दिए १ मिनेट पनि बस्दिनँ, यो कमिटीभन्दा बाहिर गएर लोकप्रियतावादको पछि कुदेर यो कमिटीको कोही सदस्यले भन्दैमा हुँदैन ।' उनले यसोभन्दा हलले ताली पिटेर समर्थन जनाएको थियो ।

एमालेका केही नेताहरूले ओलीलाई बोकेर चुनावमा जान नसक्ने भन्दै आलोचना गरेका छन् । उनले त्यसको पनि जवाफ फर्काएका छन् । 'कतिपयले आफूलाई बोकेर हिँड्न नसकेको भनिरहेका छन् । मलाई बोक्न पर्दैन, आफैं हिँड्न सक्छु,' ओलीले भने । पार्टीबाट हट्ने आफ्नै प्रक्रिया हुने उनले बताए ।

जेनजी आन्दोलन र लगत्तैको विध्वंशलाई उनले प्रतिक्रान्तिको संज्ञा दिए । त्यसलाई प्रभावकारी ढंगले रोक्न नसके देश बर्बादीतर्फ धकेलिने भन्दै ओलीले पार्टी पंक्तिलाई सचेत हुन आग्रह गरेका छन् । माओवादी केन्द्र र नेकपा एसबीचको एकताको तयारीप्रति पृष्ठ २ मा



# विश्वकपमा नेपाल

नेपालले लगातार दोस्रो पटक र समग्रमा तेस्रोपटक टी-२० विश्वकपमा स्थान पक्का गरेको हो । यसअघि नेपालले सन् २०१४ र २०२४ संस्करणमा विश्वकप खेलेको थियो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असोज

नेपाल सन् २०२६ को फेब्रुअरी-मार्चमा भारत र श्रीलंकामा हुने आइसिसी टी-२० विश्वकपका लागि छनोट भएको छ । बुधबार ओमानमा भएको छनोटको सुपर सिक्समा युएईले सामोआलाई हराएसँगै अंकका आधारमा नेपाल विश्वकपमा छनोट भएको हो । नेपालसँगै ओमान पनि विश्वकपमा छनोट भएको छ ।

सुपर सिक्समा नेपाल र ओमानले समान ३ खेलबाट ६-६ अंक जोडेका थिए । यो नतिजासँगै विश्वकपमा सहभागी हुने २० मध्ये १९ टोलीको टुंगो लागेको छ । बाँकी एक स्थान सुपर सिक्सका अन्य खेलहरूबाट निर्धारण हुनेछ ।

नेपालले लगातार दोस्रोपटक र समग्रमा तेस्रोपटक टी-२० विश्वकपमा स्थान पक्का गरेको हो । यसअघि नेपालले सन् २०१४ र २०२४ संस्करणमा विश्वकप खेलेको थियो ।

# मधेशको मुख्यमन्त्रीमा सोनल
# कांग्रेस-एमाले सत्ताबाहिर

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २९ असोज



मधेस केन्द्रित दलहरू एक ठाउँ उभिएपछि मधेशमा अन्ततः कांग्रेस-एमाले सत्ताबाहिर पुगेका छन् । जेनजी आन्दोलनका कारण संघीय सरकारबाट हटेपछि यी दुई दलको गठबन्धनले मधेस प्रदेशमा बहुमत जुटाउन नसकेको हो ।

जसपा नेपाल, लोसपा, जनमत पार्टी तथा नेकपा एकीकृत समाजवादी र नेकपा माओवादी केन्द्रको समर्थनमा लोसपा नेता जितेन्द्र सोनल मुख्यमन्त्री बनेका छन् ।

जनमतबाट मुख्यमन्त्री बनेका सतिशकुमार सिंहले राजीनामा दिएपछि मधेस राजनीतिमा तीव्र ध्रवीकरण भएको हो । जनमत पार्टी विभाजन भयो । त्यसैको लाभ उठाउँदै कांग्रेसका कृष्ण यादवले मुख्यमन्त्रीका लागि दाबी पेस गरेका थिए । तर लोकतान्त्रिक मधेसी मोर्चामा माओवादी केन्द्र र एसले समर्थन गरेपछि कांग्रेस-एमाले सत्ताबाहिर भएका हुन् ।

एक दिनअघिसम्म कांग्रेस, एमालेसँग गठबन्धन गरेको बताएको जनमत पार्टीले युटर्न लिँदै लोसपाका उम्मेदवार सोनललाई सघाउने सहमति गरेको थियो । सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गरेको समय सकिनुअघि जनकपुरको राजनीतिमा ठुलो तरंग आउनेगरी उथलपुथल भएको छ । रातभर चलेको छलफलपछि कांग्रेस-एमालेइतर सरकार बनाउन पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# राहदानीको निश्चित कोटाले समस्यामा कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असोज

राहदानी विभागले दैनिक पाँच सय मात्रै राहदानीको एप्लिकेसन लिँदा वैदेशिक रोजगारीमा रहेका कामदार समस्यामा पर्न थालेका छन् ।

कतारको दोहास्थित नेपाली राजदूतावासले सूचना नै जारी गरेर प्राविधिक कारणले राहदानी छपाइको कार्यमा ढिलाइ भएकाले नयाँ वा नवीकरण भएका राहदानी राजदूतावासमा आइपुग्न नसकेको भन्दै नयाँ राहदानी बनाउन र नवीकरणका लागि आवेदन दिएकाहरूले राजदूतावासको वेबसाइट वा फेसबुक पेजमा हेरेर मात्रै सम्पर्क गर्न भनेको छ ।

राहदानी विभागले गत भदौमा भएको जेनजी आन्दोलनका क्रममा राहदानी विभाग तथा जिल्लास्थित राहदानी शाखामा समेत आक्रमण भई राहदानी बनाउन प्रयोग हुने विद्युतीय उपकरण चोरी, आगजनी तथा तोडफोड भएकाले समग्र राहदानी सेवा प्रभावित भएको भन्दै दैनिक पाँच सय निवेदन लिने गरेको छ ।

विभागले क्षति तथा हराएका, नासिएका, चोरी भएका राहदानीको विवरण संकलन गर्ने कार्य गरिरहेको भन्दै अर्को सूचना नभएसम्म दैनिक पाँच सय वटा एपोइन्टमेन्ट लिन मिल्ने स्लट बनाएको जानकारी दिएको छ । हरेक दिन साँझ ६ बजेबाट राहदानी विभागको वेबसाइटबाट एपोइन्टमेन्ट लिनुपर्नेछ ।

विभागले विगतमा पनि समयमा राहदानी दिन नसकेपछि यस्तै सीमित संख्यामा अनलाइन एप्लिकेसन लिने गरेको थियो । उक्त व्यवस्थाबाट इन्टरनेटको पहुँच नभएका दुर्गममा बस्ने वैदेशिक रोजगारमा जाने युवाहरू समस्यामा परेका थिए ।

हाल दैनिक १५ सयको हाराहारीमा राहदानीको माग रहेको छ । तर विभागले पाँच सय वटा मात्रै एप्लिकेसन लिँदा करिब एक हजार जना राहदानीको आवेदन दिने अवसरबाट वञ्चित भएका छन् ।

विभागले राहदानी सेवा पूर्ववत् रुपमा सञ्चालनमा आउन केही समय लाग्ने भएकाले धैर्यधारण पृष्ठ २ मा

## कुवेतमा मदिरा कारोबारमा संलग्न एसियाली मूलका ६ जना पक्राउ

**काठमाडौं/मस–** कुवेत प्रहरीले अवैधानिक रूपमा मदिराको उत्पादन तथा बिक्री गरेको अभियोगमा एसियाली मूलका ६ जनालाई पक्राउ गरेको छ । कुवेतको अब्दालीका सुरक्षाकर्मी र जासुसहरूले अब्दालीको दुर्गम मरुभूमि क्षेत्रमा खडा गरिएको गोप्य अवैध मदिरा कारखानामा छापा मारेर ६ जना एसियाली नागरिकलाई पक्राउ गरेको अरब टाइम्सले जनाएको छ ।

पक्राउ पर्नेहरूको राष्ट्रियता गोप्य राखिएको छ । यसअघि अवैधानिक रूपमा मदिरा उत्पादन तथा बिक्रीको काममा गैरकानुनी रूपमा उक्त मुलुक बस्दै आएका नेपालीहरू पक्राउ पर्ने गरेका थिए ।

गत अगस्ट महिनामा विषाक्त मदिराको सेवनबाट ठुलो संख्यामा नेपाली र भारतीय कामदारको मृत्यु तथा अंगभंग भएपछि कुवेतले अवैध मदिरा उत्पादन गतिविधिका बारेमा निगरानी र अनुसन्धान पृष्ठ २ मा

# आत्मनिर्भरतर्फ पुष्प व्यवसाय
# ९ अर्ब लगानी, ५० हजारलाई रोजगारी



| ८ अर्ब ८३ करोड | ५३ हजार ५ सय | २७० हेक्टर क्षेत्रफल |
|---|---|---|
| लगानी | रोजगारी | पुष्प खेती |

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २९ असोज

पछिल्लो एक दशकयता नेपालमा फूलको व्यवसायी खेती गर्नेको संख्या बढ्दो छ । पुष्प व्यवसायबाट राम्रो आम्दानी हुने भएपछि कृषिका अन्य क्षेत्र पुष्पखेती गर्नेको संख्यासमेत बढिरहेको छ । पूजाआजादेखि विवाह, स्वागत, बिदाइदेखि मृत्युपछि समेत फूलको प्रयोग हुने भएकाले फूलखेती फस्टाउँदै पृष्ठ २ मा



पुष्प व्यवसायको विकास तथा प्रवर्धन गरे सम्भावना धेरै छ । कृषि क्षेत्रको सबैभन्दा लाभ लिन सक्ने क्षेत्र पुष्प व्यवसाय नै हो ।

**राजेशभक्त श्रेष्ठ**
अध्यक्ष, फ्लोरिकल्चर एसोसिएसन नेपाल



प्राकृतिक विविधताले फूलखेतीमा सम्भावना धेरै छ । बजार व्यवस्थापनमा मात्र जोड दिने हो भने आत्मनिर्भर बन्छ ।

**रामजी तिमिल्सिना**
अध्यक्ष, नर्सरी व्यवससायी संघ नेपाल

# ओली नेतृत्वबाट हटे एमालेसँग एकता हुन सक्छ : प्रचण्ड



**धादिङ/मस**–नेकपा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमालेसँगको सम्भावित एकता सम्बन्धमा स्पष्ट संकेत दिएका छन् ।

धादिङको बेनिघाट रोराङमा आयोजित भेटघाट कार्यक्रममा संयोजक प्रचण्डले युवा तथा पार्टी नेताकार्यकर्तासँग कुराकानी गर्दै आगामी चुनावलाई पार्टीको प्रमुख एजेन्डा बनाउँदै अघि बढ्ने बताए ।

उनले भने, 'अबको माओवादीको लाइन भनेको चुनाव हो ।' साथै, तिहारलगत्तै समाजवादी मोर्चाभित्र रहेका दलहरूसँग एकता प्रक्रिया अघि बढ्ने जानकारी प्रचण्डले दिए । एमालेसँग एकताको सम्भावनाबारे बोल्दै उनले स्पष्ट पारे, 'केपी ओली नेतृत्वमा रहेसम्म एमालेसँग एकता हुँदैन । तर ओलीको नेतृत्व नरहेमा एकताको ढोका खुल्न सक्छ ।'

कार्यक्रममा सहभागी युवा तथा नेता कार्यकताहरूसँगको छलफल गर्दै प्रचण्डले युवा पुस्ताले माओवादीको विचार र मार्गदर्शनलाई सही ठहर गर्न थालेको बताए ।

उनले भने, 'अहिले मेरो जेन्जी युवाहरुसँग पनि छलफल भइरहेको छ । युवाहरुले माओवादी सही रहेछ भन्ने बुझ्नुभएको छ ।' उक्त भेटघाटमा उनले नेताकार्यकर्ताहरूलाई आगामी निर्वाचनका लागि योजनाबद्ध रूपमा लाग्न निर्देशन दिएका थिए ।

# अख्तियारले लग्यो अनुसन्धानका लागि फोहोर पानी प्रशोधन केन्द्रको कागजात




**पर्सा/मस**–अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वीरगञ्ज महानगर मातहतको फोहर पानी प्रशोधन केन्द्रको कागजात अनुसन्धानका लागि लगेको छ ।

आयोगको टोलीले सहरी विकास मन्त्रालय र वीरगञ्ज महानगरको संयुक्त लगानीमा निर्माण गरिएको फोहर पानी प्रशोधन केन्द्रसँगसम्बन्धित उजुरी परेपछि आवश्यक कागजात अनुसन्धानका लागि लगेको हो ।

आयोगको कार्यालय हेटौँडाका सूचना अधिकारी विमोचन घिमिरेले आयोगको टोलीले सम्बन्धित कागजात लगेको बताए । उनले भने, 'आयोगको टोलीले आवश्यक अनुसन्धानका लागि कागजात लगेको हो ।' वीरगञ्ज महाननगर र सहरी विकास मन्त्रालयको संयुक्त लगानीमा करिब २७ करोड रुपैयाँमा यहाँ फोहर पानी प्रशोधन केन्द्र निर्माण गरिएको थियो ।

# नयाँ दल दर्ता गर्न बुझ्न आउनेको संख्या बढ्यो




**काठमाडौं/मस**–सरकारले आगामी फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन गर्ने घोषणा गरेसँगै निर्वाचनमा भाग लिन नयाँ दल दर्ता गर्न इच्छुकको संख्या बढेको छ । निर्वाचन आयोगमा नयाँ दल दर्ताका लागि बुझ्न आउने व्यक्तिहरू बढी भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

भट्टराईका अनुसार हालसम्म नयाँ दल दर्ताका लागि तीनवटा मात्रै आवेदन प्राप्त भएको छ । आवेदनमा आवश्यक कागजात बुझ्ने र थप कागजात माग्ने प्रक्रिया जारी रहेको बताइएको छ । सबै प्रक्रिया पूरा भएपछि मात्रै दल दर्ताको प्रमाणपत्र प्रदान गरिनेछ ।

उनले भने, 'मौजुदा कानूनअनुसार नयाँ दल दर्ता गर्ने काम महिनाभरि खुला रहन्छ । तर फागुन २१ गते हुने निर्वाचनमा भाग लिनको लागि कात्तिक मसान्तसम्म दल दर्ताको प्रमाणपत्र लिनु पर्नेछ । मंसिर १ देखि १० गतेको बीचमा निर्वाचन प्रायोजनका लागि दल दर्ता गर्नुपर्ने व्यवस्था आयोगले गरेको छ । त्यसैले जुन दलले कात्तिक ३० गतेसम्म प्रमाणपत्र प्राप्त गर्छ, त्यसले निर्वाचनमा भाग लिन पाउनेछ ।'

प्रवक्ता भट्टराईले थपे, दल दर्ताका लागि कम्तीमा ५ सय हस्ताक्षरकर्ता, नागरिकता प्रमाण र अन्य कानुनी कागजात आवश्यक पर्ने व्यवस्था रहेको छ। कागजात पूरा भए दल दर्ताको प्रमाणपत्र ४५ दिनभित्र उपलब्ध गराइने कानुनी व्यवस्था छ ।

निर्वाचन आयोगले निर्वाचनका लागि प्रशासनिक तयारी युद्धस्तरमा अघि बढाएको छ । आयोगका सबै शाखा कार्यलयलाई सक्रिय बनाइएको र राजनीतिक दलहरूसँग छलफल प्रक्रिया अघि बढाइएको भट्टराईले जानकारी दिए ।

उनका अनुसार असोज ३० गते पहिलो चरणको छलफलका लागि २९ दललाई बोलाइएको छ । बाँकी दलहरूसँग क्रमश: छलफल गर्दै जाने तयारी छ ।

उनले भने, 'निर्वाचनको लागि आवश्यक मनोनयन दर्ता, निर्वाचन चिन्ह प्रदान, प्रचारप्रसारको अवधि र आचारसंहिता लगायतका कार्यक्रम दलहरूसँग सहमतिका आधारमा अगाडि बढाइनेछ । आयोग निर्वाचन गराउन सधैं तयार छ । शान्ति सुरक्षा र प्रशासनिक तयारी सुनिश्चित गर्न सुरक्षा निकायसँग समन्वय गरिरहेको छ ।'

हाल प्रमुख निर्वाचन आयुक्तको नियुक्ति नभए पनि सचिवालयमार्फत सबै निर्णय समयमै भइरहेको छ । आयोगका कर्मचारीहरूले दल दर्ता प्रक्रियामा उच्च प्राथमिकता दिएर काम गरिरहेको भट्टराईले जानकारी दिए ।

# भक्तपुर क्यान्सर अस्पतालले प्यालियटिभ केयर सेवालाई राष्ट्रिय स्तरमा विस्तार गर्ने




**भक्तपुर/मस**–भक्तपुर क्यान्सर अस्पतालले विश्व होस्पिस तथा प्यालियटिभ केयर दिवस-२०२५ को अवसरमा विशेष कार्यक्रम आयोजना गरेको छ ।

बुधबार भएको यो कार्यक्रममा अस्पतालले देशभर प्यालियटिभ सेवाको सशक्त विस्तार गर्ने प्रतिबद्धता व्यक्त गर्दै 'बीसीएच प्यालियटिभ केयर कोष' स्थापना गर्ने घोषणा गरेको छ । यो कोषबाट आर्थिक रूपमा कमजोर बिरामीहरूलाई नि:शुल्क सेवा प्रदान गरिनेछ ।

कार्यक्रमका अध्यक्ष तथा अस्पतालका कार्यकारी निर्देशक डा.उज्ज्वल चालिसेले स्वागत मन्तव्यमा भने, 'जीवनको अन्तिम चरणमा पनि प्रत्येक व्यक्तिले माया, सहानुभूति र सम्मान पाउने अधिकार छ । हामी केवल उपचार मात्र होइन, मानवताको सेवा गरिरहेका छौं । प्यालियटिभ केयर हाम्रो सामाजिक र नैतिक दायित्व हो ।' उनले नेपालमा पहिलोपटक होस्पिस सुविधा स्थापना गर्ने लक्ष्य रहेको बताउँदै सरकारी, गैरसरकारी निकाय र समुदायबीच सहकार्य आवश्यक रहेको जोड दिए ।

अस्पतालले हाल देशकै एक प्रमुख प्यालियटिभ केयर इकाई सञ्चालन गरिरहेको छ, जसलाई थप सुदृढ बनाउने योजना छ । यसबाहेक, अस्पतालमा सर्जरी, विकिरण उपचार, कीमोथेरापी, इम्युनोथेरापी, प्रयोगशाला सेवा, सिटी स्क्यान जस्ता सुविधाहरू उपलब्ध छन् । यसै वर्षदेखि पिट स्क्यान सेवा पनि सुरु हुने चालिसेले जानकारी दिए ।

प्रमुख अतिथि मिस नेपाल २०२५ सुश्री लुना लुइटेलले मन्तव्यमा भनिन्, 'प्यालियटिभ केयर केवल चिकित्सकीय सेवा होइन, यो मानवीय मूल्यसँग जोडिएको अभियान हो । हामी सबैले यसलाई सामाजिक दायित्व ठान्नुपर्छ ।' विशिष्ट अतिथि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले नेपाल सरकारले २०२५-२०३५ को राष्ट्रिय प्यालियटिभ केयर रणनीति स्वीकृत गरेको बताए । यो रणनीतिले सेवाको विस्तारमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

डा.चालिसेले रणनीतिको पाँच मुख्य पक्षहरू - मानव संसाधन विकास, सेवाको पहुँच विस्तार, संस्थागत सुदृढीकरण, औषधि सुनिश्चितता र समुदाय संलग्नता - बारे चर्चा गर्दै प्यालियटिभ सेवालाई राष्ट्रिय प्राथमिकतामा राख्न आग्रह गरे ।

नेपालमा हाल यस्तो सेवामा विशेष एमडी डिग्री प्राप्त दुई चिकित्सक मात्र छन्, जसमध्ये दुवै भक्तपुर क्यान्सर अस्पतालमै कार्यरत छन् । अस्पतालले घरमा आधारित केयर र टर्मिनल केयर इकाईमार्फत निरन्तर सेवा दिइरहेको छ ।

कार्यक्रममा लायन्स क्लब अफ बाग्मती क्यान्सर केयर (१ लाख), डीके मेडी सेल्स (५ लाख बराबर), पूर्व-पश्चिम चिन्ता (२ लाख) र श्रीमती उषा दीक्षित (१ लाख) बाट कोषमा सहयोगको प्रतिबद्धता प्राप्त भएको छ । दिवंगत चिकित्सक डा. चाँदनी वैद्य, पूर्व निर्देशक डा. सुदीप श्रेष्ठ, डा. आरती शाह र प्रा. डा. विष्णुदत्त पौडेलको योगदानलाई सम्झना गरिएको थियो ।

# सर्वोच्च बारद्वारा निष्पक्ष चुनावका लागि सघाउने प्रतिबद्धता



**काठमाडौं/मस**–सर्वोच्च अदालत बार एसोसिएसनले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष तुल्याउने सरकारको अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालसँग सर्वोच्च अदालत बार एसोसिएसनका कार्यवाहक अध्यक्ष अम्बर राउतसहितका पदाधिकारीले बुधबार भेट गरी मुलुकमा शान्ति सुव्यवस्था र आमजनतामा सुशासनको प्रत्याभूति दिलाउन आग्रह गरे ।

उनहरूले भ्रष्टाचार नियन्त्रण, कानुनी शासनलगायत जेनजी पुस्ताले उठाएको माग सम्बोधन गर्न पनि सरकारको ध्यानाकर्षण गराएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

## फरक...

कसरी अगाडि बढ्ने भन्नेमा सभामुखलाई सुझाव दिन पुगेका दलहरूका राय बाझिए ।

नेकपा एमाले प्रस्ट रूपमा संसद् पुनर्स्थापनाको पक्षमा उभियो । 'संसद् पुनर्स्थापना हुनुपर्छ । संसद्लाई जीवित राख्नुपर्छ । सरकारले चुनावको तयारी गरेको छैन,' एमाले नेता महेश बर्तौलाले भने, 'वैधानिक संस्थालाई जीवन्त राख्नुपर्छ । यसको न्यायिक परीक्षण हुनैपर्छ । यसमा राजनीतिक दलहरूले दबाब सिर्जना गर्नुपर्छ । सभामुखले भूमिका खेल्नुपर्छ ।'

अर्थात्, छलफलमा एमालेले मात्रै सभामुखलाई संसद् पुनर्स्थापनाको माग लिएर अदालत जान सुझायो । बाँकी दलहरू कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राप्रपा र जसपा नेपाल भने एमालेले भने जस्तो संसद् पुनर्स्थापनाको पक्षमा खुलेनन् । सभामुखले खेल्ने भूमिकाबारे मौन रहे ।

दलहरूसँगको छलफलको अन्तिममा सभामुख घिमिरेले लोकतन्त्रको रक्षाका लागि काम गर्ने प्रतिबद्धता जनाए । सभामुख घिमिरेले भनेका छन्, 'प्रतिनिधि सभा विघटन नगरी निकास निकाल्न सकेको भए राम्रो हुन्थ्यो । अझै पनि लोकतन्त्र र संविधान रक्षाका लागि मैले के गर्नुपर्छ, गर्छु ।'

## उस्तै...

पनि कटाक्ष गर्दै घर फर्किन आह्वान गरे । 'कतिपय साथीहरूले गल्ती गर्नुभएको छ, अब तीनै गल्तीहरूमा अल्झिएर बस्ने होइन । कतिले पार्टी विभाजन गरे, गराए, साथीहरू भ्रममा पर्नुभयो होला' उनले भने, 'तर एमाले विशाल छाती भएको पार्टी हो । त्यसैले हिजो जो घर छाडेर अन्यन्त्र जानुभएको थियो, घर फर्किन आग्रह गर्छु ।'

## मधेशको...

दलहरू सहमत भएका थिए । फलस्वरूप बुधबार बिहानै १० बजे सोनलले प्रदेश प्रमुखको कार्यालयमा मुख्यमन्त्रीका लागि दाबी पेस गर्न पुगे । उनलाई साथ दिन जनमत संसदीय दलका नेता महेश यादव पनि सँगै थिए । केही दिनअघि मात्र जनमत पार्टीले कांग्रेस नेतृत्वमा सरकार बनाउनेभन्दै प्रदेश प्रमुखको कार्यालयमा दाबी पेस गर्दासमेत यादव सहभागी थिए । उनको दोहोरो समर्थनका कारण दिउँसो १२ बजेपछि तनावको स्थिति बन्यो । कांग्रेसका उम्मेदवारले पनि मुख्यमन्त्रीका लागि दाबी पेस गरेपछि प्रदेश प्रमुखको कार्यालयमा सेना परिचालन गर्नुपर्ने स्थितिसम्म पुग्यो ।

जनमत पार्टीको समर्थन आफूलाई रहेको पत्र कांग्रेसले दर्ता गराएको थियो । त्यसको खण्डन गर्दै जनमत पार्टीले छुट्टै बेहोराको पत्र प्रदेश प्रमुखको कार्यालयमा दर्ता गराएपछि त्यसैलाई आधार मानेर प्रदेश प्रमुखले सोनललाई मुख्यमन्त्री नियुक्त गरेकी हुन् । लोसपा नेतृत्वको गठबन्धनलाई कांग्रेस-एमालेइतर दलहरूका ५६ सांसदको समर्थन छ । जनमत पार्टीका १३ जना सांसदको समर्थन जितेन्द्र सोनललाई रहेको दाबी चलिरहँदा मधेश प्रदेश संसदीय दलमा फुट आयो । मंगलबार मात्रै निर्वाचन आयोगबाट वैधानिकता पाएको जनमतका दुई सांसदले नव गठित जनस्वराज पार्टीमा रहेको सनाखत गरेपछि उनीहरूको समर्थन कसलाई भन्ने अन्योल कायमै छ ।

गत असोज २२ गते कांग्रेस, एमाले र जनमत पार्टीका ५८ जना प्रदेश सभा सदस्यको समर्थन रहेको भन्दै नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखसमक्ष दाबी पेस भएपछि मधेसमा राजनीति माहोल तातिएको थियो । प्रदेश बनेदेखि पहिलोपटक मुख्यमन्त्री मधेशकेन्द्रित दलबाहेकबाट पेस भएको थियो ।

अहिलेसम्म मधेसमा मुख्यमन्त्रीहरू मधेश केन्द्रित दलबाटै हुँदै आएका छन् । पहिलो मुख्यमन्त्री जसपाका लालबाबु राउत गद्दी बनेका थिए । दोस्रो मुख्यमन्त्री सोही दलका सरोज यादव र तेस्रो मुख्यमन्त्री जनमत पार्टीका सतीशकुमार सिंह बनेका थिए । कांग्रेस नेतृत्वमा मधेस सरकार गठनका लागि दाबी प्रस्तुत भएपछि मधेशमा व्यापक चर्चा चल्यो । मधेश 'सेन्टिमेन्ट'को कारणले अन्तमा कांग्रेसलाई समर्थन गरिसकेका जनमत 'ब्याक' हुँदै लोसपालाई सघाउने निर्णयमा पुगेको थियो । लोसपा अध्यक्ष महन्थ ठाकुर र जसपा अध्यक्ष उपेन्द्र यादव संयोगले जनकपुरमै हुँदा मधेश केन्द्रित दलकै नेतृत्वमा जाने प्रयास सुरु गरिएको थियो । यादव जसपा प्रदेश अधिवेशन र ठाकुर कार्यकर्ता भेटघाटका लागि जनकपुर पुगेका बेला भएको भेटले ब्रेक थ्रु गरेको थियो । लगतै जसपा र लोसपाका दोस्रो तहका नेताहरू अन्य दलसँग संवाद अगाडि बढाएका थिए । लोसपा अध्यक्ष ठाकुरले जनमत अध्यक्ष सिके राउतलाई फकाएका थिए । नयाँ गठबन्धन बनेपछि लोसपाका सहमहासचिव अनिलकुमार सिंहले यो मधेश 'सेन्टिमेन्ट'को जित रहेको प्रतिक्रिया दिएका छन् । उनले यो गठबन्धन बनेसँगै मधेस केन्द्रित दलबीच एकताको सन्देश र मधेसको मर्म र भावनालाई दलहरूले आत्मसात् गरेको रूपमा बुझ्नुपर्ने बताए ।

## राहदानीको...

गरेर सहयोग गर्न आग्रह गरेको छ । उता विदेशस्थित नेपाली राजदूतावासमा नयाँ राहदानी बनाउने तथा नवीकरण गर्नेहरूको चाप बढिसकेको बताइएको छ ।

## कुवेतमा...

तीव्र बनाएको थियो । छापा मार्ने क्रममा कुवेती अधिकारीहरूले अवैध मदिरा प्रक्रियामा प्रयोग हुने ठुलो संख्यामा ब्यारेलहरू, बिक्रीका लागि भरेर तयार पारिएका मदिराका असंख्य बोतलहरू जफत गरिएको बताएको छ ।

पक्राउ परेका ६ जना व्यक्तिहरूले बयानका क्रममा मदिरा उत्पादन र बिक्रीका लागि वितरण गरेको स्वीकार गरेको बताइएको छ । संदिग्ध र बरामद गरिएका सामग्रीलाई थप कानुनी कारबाहीका लागि प्रक्रियामा लगिएको छ ।

कुवेतमा मदिराको उत्पादन तथा सेवन पूर्णरूपमा प्रतिबन्ध रहेको छ । गत अगस्टमा कुवेती सञ्चारमाध्यमहरूले अवैध मदिरा सेवनबाट ३७ जनाभन्दा बढीको मृत्यु र सयौं अंगभंग भएपछि मुख्य कारोबारी मानिएका ४ जनालाई मृत्युदण्डको सजाय हुनसक्ने बताएका थिए । विषाक्त मदिरा सेवनपछि अस्पतालमा भर्ना भएका कम्तीमा ३५ नेपाली कामदार देश निकालामा पर्ने बताइएको छ ।

## आत्मनिर्भरतर्फ...

गएको छ । यस्तै, तिहारमा फूलको प्रयोग धेरे हुनेको भएकाले तिहारलक्षित फूलखेती गर्नेको संख्यासमेत धेरै छ । छोटो समयमा राम्रो आम्दानी हुने भएकाले तिहारमा प्रयोग हुने सयपत्री र मखमलीको व्यावसायिक खेती देशका विभिन्न स्थानमा हुने गरेको छ ।

नेपालको वातावारण फूलखेतीका लागि अनुकूल हुँदा अन्य खेतीभन्दा फूलखेतीबाट राम्रो लाभ लिन सकिने फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान)का अध्यक्ष राजेशभक्त श्रेष्ठ बताउँछन् ।

उनले भने, 'नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण भएकाले पुष्प व्यवसायको विकास तथा प्रवर्धनको सम्भावना धेरै छ । पुष्प व्यवसायको दिगो संस्थागत विकास, गुणस्तरीय उत्पादन आन्तरिक बजार व्यवस्थापन आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमा ध्यान दिए आम्दानीसँगै रोजगारीसमेत बढ्छ ।'

विषेशगरी तिहारमा फूलको व्यापार धेरै हुने गरेको छ । तिहारमा करिब ४० करोडको सयपत्री र मलमलीको माला खपत हुने गरेको छ । अरूबेला समेत फूलको प्रयोग बढिरहेको नेपालमा नर्सरीदेखि जमिन भाडामा लिएर पुष्प व्यवसाय गर्न थालिएको छ । बढ्दो सहरीकरणको विकास तथा विस्तारसँगै सातै प्रदेशका मुख्य सहर तथा देशका ५२ जिल्लामा पुष्प खेती भइरहेको फ्लोरिकल्चर एसोसिएसन नेपालले जनाएको छ ।

नर्सनी व्यवससायीसंघ नेपालमा अध्यक्ष रामजी तिमिल्सेनाले नेपाल फूलमा आत्मनिर्भरतर्फ अगाडि बढेको बताए । उनले भने, 'नेपालको हावापानीमा विविधताले गर्दा चिसो र गर्मीमा फुल्ने फूलखेती नेपालमा सम्भव छ । बजार व्यवस्थापनमा मात्र जोड दिने हो भने पुष्प व्यवसाय आत्मनिर्भर बन्छ ।'

देशभरका करिब २ सय ७० हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय गरिएको छ । पुष्प व्यवसायमा ८ अर्ब ८३ करोडभन्दा बढीको लगानी छ भने प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा ५३ हजार ५ सयभन्दा बढीले रोजगारी पाएका छन् ।

पुष्प व्यवसायको माग र आपूर्तिमा वार्षिक वृद्धिदर १० प्रतिशतभन्दा धेरै रहेको व्यवसायी बताउँछन् । कोभिडको समयमा पुष्प व्यवसायमा असर गरेको भए पनि बिस्तारै पुष्प व्यवसायले गति लिँदै गएको छ । आर्थिक वर्ष २०८०/८१ मा ३ अर्ब ६८ करोडभन्दा बढीको कारोबार भएको थियो भने २०८१/८२ मा पनि ३ अर्ब ३७ करोडको कारोबार भएको व्यवसायी बताउँछन् ।

भन्सार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/८१ मा पुष्प तथा पुष्पजन्य वस्तुको वार्षिक निर्यात १ करोड २ लाख १२ हजार कारोबार रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा

२ करोड १३ लाख ६० बराबरको निर्यात भएको थियो । नेपालबाट जापान, हङकङ अमेरिका, अस्ट्रेलिया, कतार, क्यानडा, यूएईलगायत मुलुकमा पुष्प तथा पुष्पजन्य वस्तु निर्यात हुने गरेको छ ।

# सुरक्षाकर्मीको एसएलआर लुटेर प्रदर्शन गर्ने पक्राउ



**काठमाडौं/मस**–जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीको हतियार लुटपाट गरी प्रदर्शन गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ललितपुर महानगरपालिका-२६ सुनाकोठीका सम्राट भन्ने राजु परियार रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए ।

उनले भने, 'गत भदौ २४ गते भएको प्रदर्शनका क्रममा तोडफोड तथा आगजनी गर्ने कार्यमा संलग्न रही सुरक्षाकर्मीले प्रयोग गर्ने एसएलआर बोकेर सिंहदरबार मूलद्वार अगाडिलगायतका विभिन्न स्थानमा सार्वजनिक सम्पत्ति तोडफोड तथा आगजनी गरी क्षति पुर्‍याएको अभियोगमा परियारलाई पक्राउ गरिएको हो ।'

पक्राउ परेका परियारबिरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा २८५ बमोजिम आपराधिक उपद्रव गर्न नहुने समेतको कसुरमा काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान सुरु गरिएको प्रवक्ता भट्टराईले बताए ।

साथै निजको यसअघि पनि विभिन्न मितिमा बैंकिङ कसूर तथा ठगी कसूर जस्ता आपराधिक गतिविधिमा संलग्नता रहेको देखिएको प्रहरीले जनाएको छ ।

# तिहारमा अवाञ्छित गतिविधि देखिए खबर गर्न प्रहरीको आग्रह




**काठमाडौं/मस**–नेपाल प्रहरीले सुख, शान्ति, समृद्धि र आपसी सद्भावका साथ मनाइने चाड तिहारमा आफ्नो घर र समुदायमा कुनै अवाञ्छित गतिविधि देखिएमा प्रहरीलाई तत्काल खबर गर्न आग्रह गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंले बुधबार एक सूचना जारी गरी चाडपर्वलाई अपराधरहित बनाई हर्षोल्लासपूर्वक मनाउन आफ्नो घर र समुदायमा कुनै अवाञ्छित गतिविधि देखिएमा तत्कालै प्रहरी कन्ट्रोल नम्बर १०० मा खबर गर्न सबैलाई आग्रह गरेको हो । परिसरले आफ्नो चिनाजानी भएको स्थानमा मर्यादित एवं सभ्य तवरले देउसीभैलो खेल्न, आफ्नो टोलमा तास, जुवा खेल्ने व्यक्तिहरूबारे प्रहरीलाई समयमै खबर गर्नसमेत आग्रह गरेको छ ।

पटाका तथा झिरझिरे पड्काउने व्यक्तिमाथि मुलुकी अपराध संहिता २०७४ को विस्फोटक पदार्थसम्बन्धी कसुरमा तीन वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भएकाले त्यसो नगर्न भनेको छ । यस्तै, मादक पदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, सार्वजनिक स्थानमा मद्यपान तथा धुम्रपान नगर्नसमेत अनुरोध गरेको छ ।

यसैगरी, नगद, बहुमूल्य सामान र गरगहना सकेसम्म लकरमा राख्न, विद्युतीय माध्यमबाट मात्र आर्थिक कारोबार गर्न, लागुऔषध, नशालु पदार्थ सेवन, ओसारपसार, सञ्चय तथा बेचबिखन गर्ने व्यक्तिबारे प्रहरीलाई खबर गर्न सबैमा अनुरोध गरेको छ ।

यस्तै, छतमा चढेर यात्रा नगर्न, यात्रा गर्ने क्रममा कुनै पनि अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान, नचिनेको व्यक्तिले घरको ढोका ढक्ढकाएमा नखोल्न, आफ्नो घर, टोल, छिमेकमा आपत्कालीन साइरन र सिसीटिभी क्यामेरा जडान गर्नसमेत सबैलाई आग्रह गरेको छ ।

# पूर्वसभामुख महरा पुर्पक्षका लागि थुनामा

**काठमाडौं/मस-** काठमाडौं जिल्ला अदालतले पूर्वसभामुख कृष्णबहादुर महरालाई भेपमार्फत ल्याइएको सुन तस्करी प्रकरणमा पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ । बुधबार न्यायाधीश हर्कबहादुर क्षेत्रीको इजलासले महरालाई थुनामा पठाउने आदेश दिएको हो ।




अदालतको आदेशमा भनिएको छ, 'यी प्रतिवादी अहिले नै आरोपित कसुरमा निर्दोष रहेको अवस्थाको विद्यमानता नदेखिई कसुरदार देखिने आधार भएको र उनलाई लागेको अभियोग समेतबाट थप प्रमाणहरू बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल थुनामा राखी मुद्दा पुर्पक्ष गर्न थुनुवा पुर्जी दिई थुनामा राख्नु भनी स्थानीय कारागार कार्यालयमा पठाइदिने ।'

महराविरुद्ध त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख प्रशासक अरुण पोखरेललाई फोन गरेको बयान, महराका छोराको बयान र सम्बन्धित कागजातहरूले उनलाई कसुरदार ठहर गर्न नसकिने अवस्था नभएको अदालतले ठहर गरेको छ । यी प्रमाणहरूले महराले भेपमा लुकाएर ल्याइएको सुन भन्सारबाट छुटाउन दबाब दिएको देखाएको हो ।उनीविरुद्ध ८ करोड ५५ लाख २८ हजार ३७४ रुपैयाँ बिगो मागसहित ३ वर्षभन्दा बढी कैद सजायको दाबी गरिएको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गत आइतबार महरालाई पक्राउ गरेको थियो । मंगलबारदेखि थुनछेक बहस सुरु भए पनि पूर्ण बयान र बहस बुधबार मात्र सम्पन्न भएको थियो ।

# कांग्रेसमा विशेष महाधिवेशनको माग गर्दै बुझाइयो हस्ताक्षर



**काठमाडौं/मस-** नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिहरूले पार्टीको नेतृत्व परिवर्तन र नयाँ दिशा दिन विशेष महाधिवेशनको माग गर्दै ठुलो संख्यामा हस्ताक्षर संकलन गरेका छन् । जेनजी आन्दोलनपछिको राजनीतिक उथलपुथलले पार्टीभित्र व्यापक असन्तुष्टि बढाएपछि यो कदम चालिएको हो ।

देशभरबाट जुटाइएका २ हजार ४ सय ८८ जना महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बुधबार दिउँसो कांग्रेसका नेता गुरुराज घिमिरेले कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई केन्द्रीय कार्यालय सानेपामा बुझाए ।

घिमिरेका अनुसार यो संख्या १४औं महाधिवेशनका कुल प्रतिनिधिको करिब ५३ प्रतिशत हो । हस्ताक्षरसहितको निवेदनमा अहिलेको जटिल अवस्थामा पार्टीलाई नयाँ ऊर्जा र स्पष्ट मार्ग दिन विशेष महाधिवेशन आवश्यक रहेको उल्लेख छ ।

नेता घिमिरेले यो कदमलाई पार्टीभित्रको आन्तरिक कलह वा विद्रोह नभई विगतका असल परम्पराको पुनरावलम्बन बताए । उनले स्वर्गीय सुवर्णशम्शेर राणा जस्ता नेताहरूले विशेष अवस्थामा अपनाएको अभ्यासलाई नै आधार बनाएको उल्लेख गर्दै महाधिवेशन प्रतिनिधिहरूको यो विशेष अधिकार भएको जिकिर गरे ।

# विशेष महाधिवेशनको हस्ताक्षरसहितको माग आए पद छोड्न तयार छु : लिङ्देन



**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङदेनले विशेष महाधिवेशन हस्ताक्षरसहितको माग आएमा अध्यक्ष पद छाड्न तयार रहेको बताएका छन् ।

राप्रपाको केन्द्रीय कार्य सम्पादन समितिको बुधबार बसेको बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा उनले यस्तो बताएका हुन् । उनले विशेष महाधिवेशनको लागि २५ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर जुटाउन पार्टीभित्रका असन्तुष्ट पक्षलाई चेतावनी समेत दिए। राप्रपामा ४६ सयको हाराहारीमा महाधिवेशन प्रतिनिधि रहेको उनको भनाइ छ । आफ्नो योग्यता, कार्यक्षमता माथि प्रश्न उठाएर १३ सय महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी विशेष महाधिवेशनको माग गरे महाधिवेशन बोलाएर अध्यक्षको पद पनि हस्तान्तरण गर्ने उनले बताए ।

उनले भने,'पार्टीमा कुनै पनि अध्यक्ष हट्ने भन्ने प्रक्रियाको कुरा हुन्छ । अब हाम्रो पार्टीमा अध्यक्ष हटाउनको लागि पार्टीको विशेष महाधिवेशन बोलाउन पऱ्यो । हाम्रो पार्टीमा महाधिवेशन प्रतिनिधको संख्या ४६ सयको हाराहारीमा छ । भनेपछि २५ प्रतिशतले विशेष महाधिवेशनको माग गर्नुपर्छ । त्यो भनेको झन्डै साँढे १२ सय १३ सय हाराहारी महाधिवेशन प्रतिनिधिको हस्ताक्षर हुन आउँछ । मैले त त्यस्तो महाधिवेशन प्रतिनिधिको माग आयो भने मेरो योग्यतामाथी, कार्यक्षमता माथि प्रश्न उठाएर त्यति साथीहरुको हस्ताक्षर आयो भने महाधिवेशन पनि बोलाइदिन्छु, अध्यक्षको पद पनि कसलाई जिम्मा लगाउनुपर्ने हो लगाइदिन्छु ।'

उनले केही व्यक्तिलाई मन नपरेको भरमा भने पार्टी अध्यक्ष छोड्न नसक्ने बताए । राप्रपाका महामन्त्रीद्वय धवलशमशेर जबरा र कुन्ती शाहीले अध्यक्ष राजेन्द्र लिङदेनको कार्यशैलीमाथी प्रश्न उठाउँदै आएका छन् । अध्यक्ष लिङदेनले उनीहरुलाई २५ प्रतिशत महाधिवेशनको हस्ताक्षर जम्मा गर्न चुनौती दिएका छन् ।

# काठमाडौं-२६ मा 'डिजिटल ठेगाना प्रणाली' शुभारम्भ



**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-२६ ले 'नियर फिल्ड कम्युनिकेसन' (एनएफसी) प्रविधिमा आधारित 'डिजिटल ठेगाना प्रणाली'को शुभारम्भ गरेको छ। कामपा-२६ ले आफ्नो वडालाई प्रविधिमैत्री बनाउने उद्देश्यले बुधबारदेखि उक्त प्रविधिमा आधारित 'डिजिटल ठेगाना प्रणाली'को शुभारम्भ गरेको हो ।

उक्त प्रविधिको शुभारम्भ गर्दै काठमाडौं महानगरपालिका-२६ का वडाध्यक्ष एवं महानगरपालिका सुशासन समितिका संयोजक ख्यामराज तिवारीले यो प्रणाली जडान गरेसँगै वडाभित्रका सबै घरको विस्तृत विवरण थाहा पाउन सकिने बताए ।

वडाध्यक्ष तिवारीले आज लैनचौरस्थित वडा कार्यालयमा डिजिटल नम्बर '०९ लक्ष द्रव्य ६१११' कोड सहितको विवरण समावेश गरिएको सूचनापाटी (नम्बरप्लेट) जडान गरेका छन् । कामपा-२६ भित्र लैनचौर, गल्कोपाखा, ठमेल, कपुरधारा, सामाखुशी, रानीबारी, नयाँबसपार्कलगायत क्षेत्रहरू पर्दछन् ।

महानगरले विगत दुई दशकदेखि मेट्रिक ठेगाना प्रणाली लागू गरेको भए पनि उक्त प्रणालीलाई रुपान्तरण गर्दै एनएफसी प्रविधिमा आधारित 'डिजिटल ठेगाना प्रणाली' सुरु गरेको हो । उक्त प्रणाली सुरु गर्ने वडा नम्बर २६ पहिलो वडा हो ।

यस प्रणालीमा पुरानो ठेगाना तथा बाटोको नामलाई यथावत राखी 'क्युआर कोर्ड' र 'चिप्स'सहितको ठेगाना समावेश गरिएको सूचनापाटी जडान हुनेछ । जडान गरिएको सूचनापाटीमा नेपाली स्थानीय 'कोड'सँगै 'युनिभर्सल गुगल प्लसकोड' हुने वडाध्यक्ष तिवारीले जानकारी दिए ।

फोहोर संकलनको जानकारी दिन, कुनै तथ्याङ्क सङ्कलन गर्न, स्थानीयस्तरबाट कुनै सूचना प्रवाह गर्नुपर्नेलगायत अत्यावश्यक कामका लागि शीघ्र र न्यून लागतमा काम गर्न सकिने वडा कार्यालयले जनाएको छ ।

कामपा-२६ का वडासचिव केदार रिमालले उक्त प्रणाली जडान गरेसँगै वडाभित्र विपद् व्यवस्थापन तथा राजस्व संकलन प्रभावकारी गर्न सकिनुका साथै वडास्तरीय योजना तर्जुमा गर्न समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उक्त प्रणाली काठमाडौं महानगरपालिका-२६ भित्रका छ हजार ८ सय ५० घरधुरीमा जडान हुनेछ । यो प्रणाली जडान गर्न ४५ लाख लाग्ने वडासचिव रिमालले जानकारी दिए । घर थपिएसँगै उक्त प्रणाली क्रमशः जडान गरिँदै लगिने वडा कार्यालयले जनाएको छ ।

# प्रेस काउन्सिल नेपालद्वारा तथ्य जाँच कार्यदल गठन




**काठमाडौं/मस-** प्रेस काउन्सिल नेपालले तथ्य जाँच कार्यदल गठन गरेको छ ।

सदस्य भीमलाल श्रेष्ठको संयोकत्वमा सदस्यद्वय कुमारी निमा काफ्ले र बालकृष्ण अधिकारी सदस्य रहेको कार्यदल गठन गरेको हो ।

काउन्सिलको सदस्य भीमलाल श्रेष्ठको अध्यक्षतामा बुधबार बसेको बैठकले पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६)मा भएका प्रावधानहरूको स्मरण गराउँदै वर्तमान बदलिँदो परिस्थितिमा संयमित भएर तथ्यपरक सामग्री सम्प्रेषण गर्न सम्पूर्ण पत्रकार तथा आमसञ्चार माध्यमलाई अपिल गरेको छ ।

साथै, सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने, हिंसा, आतङ्क, अश्लीलता र अपराधलाई प्रश्रय हुने तथा घृणाजन्य, हिंसा भड्काउने खालका अभिव्यक्तिलाई प्राथमिकता दिएर सामग्री प्रकाशन/प्रसारण नगर्न/नगराउन यस्तो आग्रह गरेको हो ।

देशभरका आमसञ्चार माध्यममार्फत विज्ञापन बोर्डसँग समन्वय गरी पत्रकार आचारसंहितासम्बन्धी सन्देशमूलक सूचना सम्प्रेषण गर्ने निर्णय गरेको छ । देशभरका पत्रकार र आमसञ्चार माध्यमको आधुनिकीकरण गर्नुपर्ने तथा व्यावसायिकता बढाउनुपर्ने भएकाले काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका पत्रकार तथा आमसञ्चार माध्यमलाई समेत विद्यमान सेवा-सुविधा उपलब्ध गराउन आवश्यकताअनुसार मिडिया विकास कोषसम्बन्धी विनियम र नीति संशोधन गरी प्रक्रिया अघि बढाउन सुझाव दिने समेत निर्णय गरेको प्रेस काउन्सिल नेपालद्वारा ज्ञारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

# प्रधानलाई भैरव, शर्मालाई वाङ्मय र पोखरेललाई प्रतिभा पुरस्कार




**काठमाडौं/मस-** नेपाली साहित्यका विराट प्रतिभा भैरव अर्यालको स्मृतिमा स्थापित विभिन्न तीन पुरस्कार भैरव पुरस्कार गुठीले बुधबार प्रदान गरेको छ । गुठीले काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी अर्यालको नाममा स्थापित तीन पुरस्कार तीन अलग-अलग स्रष्टाहरूलाई प्रदान गरेको हो ।

जसअनुसार २०८२ सालको भैरव पुरस्कार भारत-सिलगुढी निवासी वरिष्ठ हास्य व्यंग्यकार कृष्ण प्रधानलाई प्रदान गरिएको छ। यो पुरस्कारको राशि १ लाख ११ हजार १ सय ११ रुपैया रहेको छ। भैरव पुरस्कार पहिलो पटक नेपाल बाहिरका स्रष्टालाई समर्पण गरिएको हो ।

त्यस्तै १ लाख १ हजार १ सय ११ रुपैया राशीको भैरव वाङ्मय पुरस्कार वरिष्ठ चित्र कलाकार हरिप्रसाद शर्मालाई प्रदान गरिएको छ । साथै ५१ हजार १ सय ११ रुपैया राशीको भैरव प्रतिभा पुरस्कार विराटनगर मोरङका विवश पोखरेललाई प्रदान गरिएको छ । गुठीका अध्यक्ष रोचक घिमिरे, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राध्यापक डाक्टर दीपक अर्याल, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसाल लगायतले पुरस्कार प्रदान गरेका हुन् । कार्यक्रममा पुरस्कृत स्रष्टाहरूको बारेमा जानकारी गराउँदै साहित्यकारहरू नरनाथ लुईटेल, के.के. कर्माचार्य, प्रमोद प्रधान लगायतले नेपाली साहित्यमा भैरव अर्यालको योगदानबारे चर्चा गरेका थिए । कार्यक्रममा साहित्यकारहरू खगेन्द्र संग्रौला, गोविन्द घिमिरे 'वेदमणि' ले अर्याल नेपाली व्यंग्य साहित्यका अद्वितीय प्रतिभा भएको बताए ।

# विश्व साइकल यात्री निरञ्जन अर्याल साउदीको दम्मामममा, सहयोगको अपिल

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, २९ असोज



विश्वव्यापी जलवायु परिवर्तनको विषयमा सचेतना फैलाउने उद्देश्यका साथ तनहुँका साहसिक युवा निरञ्जन अर्याल साइकलमार्फत् विश्व भ्रमणमा छन् । सगरमाथादेखि अन्टार्कटिकासम्मको बृहत् यात्राको लक्ष्य बोकेका उनी हाल आफ्नो दोस्रो चरणको यात्राका क्रममा साउदी अरबको दम्माम शहरमा आइपुगेका छन् ।

पहिलो चरणमा अर्यालले थाइल्याण्ड, लाओस, कम्बोडिया, भियतनाम, चीन, मलेसिया, सिंगापुर र भारत गरी आठ देशको यात्रा केवल १ सय ६५ दिनमै सफलतापूर्वक पूरा गरेका थिए । दोस्रो चरणको यात्रा सोलुखुम्बुबाट सुरु गरेका निरञ्जन अर्याल अहिले दम्माम स्थित 'काठमान्डु नेपाली रेष्टुरेन्ट' मा छन् ।

आफ्नो विश्व यात्रालाई निरन्तरता दिन आर्थिक सहयोगको खाँचो परेको बताउँदै उनले साउदी अरबमा रहेका एनआरएनए लगायतका सामाजिक संघसंस्था र सामाजिक व्यक्तित्वहरूसँग सम्पर्क गरी सहयोगका लागि अनुरोध गरेका छन् । उनले सबैबाट सकारात्मक जवाफ पाएको र आफ्नो यात्रालाई सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

केही दिन साउदीमा बिताएपछि उनको आफ्नो यात्रा बहराइन लगायत अन्य खाडी मुलुकतर्फ अघि बढ्नेछ । यस क्रममा उनले समस्त विश्वभरका नेपाली दाजुभाइबहिनीहरूलाई आफ्नो यो महत्वपूर्ण अभियानमा सहयोग गर्न अपिल गरेका छन् ।

अर्यालको यो यात्रा जलवायु परिवर्तन, वातावरणीय संकट र मानव जीवनका मूल्यहरूका बारेमा जनचेतना फैलाउने अभियान हो । साथै, हरेक नेपालीमा आध्यात्मिक चेतनाको जागरण गराउनु पनि उनको यात्राको प्रमुख अभिप्राय हो ।

साइकल यात्राका क्रममा आर्थिक कठिनाइ मुख्य चुनौती बनेको स्वीकार्दै उनले सहयोगका लागि 'खादा र मालामात्रका लागि होइन, सहयोगको साँचो भावनाका लागि अनुरोध' गरेको बताएका छन् । शान्ति, प्रकृति र मानवताको सन्देश बोकेर विश्वभर फैलिरहेको तनहुँका साहसी युवा अर्यालको अभियानमा साउदीमा रहेका नेपाली समुदायका सदस्यहरूलाई आ-आफ्नो ठाउँबाट हातेमालो गर्दै सहयोगका लागि हात अघि सार्न अनुरोध गरिएको छ ।

**Saudi Arabia मा रोजगार** कम्पनी : **Taazur General Contracting** शहर : Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०६/२७ LT. No.: 332290
चलानी नं.: ६०२४६१००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING UNLOADING Male | 1 | 0 | स. कामदार दक्ष | 1000 | ३७,९५० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता यसै प्रा.लि.को कार्यालय सामाखुसीमा: २०८२ कार्तिक ९ गते (26 Oct., 2025)मा हुनेछ ।

CGHR CHARTERED GLOBAL HUMAN RESOURCES PVT.LTD.
श्रम इजाजत नं. ११४७/०७४/०७५
**Chartered Global Human Resources Pvt. Ltd.**
Tokha-10, Kathmandu, Nepal, Tel.: 01-4980114, 4988226
Mo.: 9851249861 / 9851249859 / 9813756198
Email: info@cg-hr.com, Web: www.cg-hr.com

**पञ्चकन्या गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लाकुरीभञ्ज्याङ, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति: (२०८२/०६/३०)**

मिति २०८२/०५/११ गते यस कार्यालयबाट नागरिक दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (२) र (३) प्रयोजनार्थको लागि आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क.स. | ठेक्का नं. | कामको बिवरण | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.र पि.एस सहित) |
|---|---|---|---|---|
| १ | PRM/ROAD/ 02/2082-083 | Blacktopping Work of Ghalebhanjyang Dekhi Gaupalika Office Samma Road | J.D Lamichhane Construction Pvt.Ltd,Panchakanya-01 | 8,758,832.74 |
| २ | PRM/DWS/ 03/2082-083 | Sahid Smarak Paryatakiya park tatha khelmaidan ra aaspaska bastiharuma brihat khanepani yojana,panchakanya -04 | Setidevi Manjari Construction Pvt.Ltd,Panchakanya-03 | 4,612,377.30 |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
३० असोज २०८२ बिहीबार
16 October 2025 Thursday

सम्पादकीय

## अर्ली महाधिवेशनबाट दलको रूपान्तरण

एक दशकदेखि प्रधानमन्त्रीको 'म्युजिकर चेयर' खेलिरहेका तीन मुख्य दलका शीर्ष नेताहरूलाई नेतृत्व छाड्न व्यापक दबाब छ । पछिल्लो जेनजी आन्दोलनको निशानामा पनि यी नेताहरू परे । दलभित्र र बाहिर चर्को आलोचना भइरहँदा पनि उनीहरू सहज रूपमा नेतृत्व छाड्न तयार देखिएनन् । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफ्नो स्वास्थ्यको कारण देखाउँदै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक बनाएका छन् । माओवादी केन्द्रले विशेष महाधिवेशन घोषणा गर्दै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई संयोजक बनाएको छ । एमाले अध्यक्ष केपी शर्मा ओली टसमस नभए पनि अर्ली महाधिवेशनका लागि तयार भएका छन् । देउवा नेतृत्वमा फर्किने सम्भावना नभए पनि ओली र प्रचण्ड भने महाधिवेशनबाट अनुमोदन भएर पुनः अध्यक्ष बन्ने बाटोमै देखिन्छन् ।

यी तीन नेतामध्ये देउवा पाँचपटक, ओली चारपटक र प्रचण्ड तीनपटक प्रधानमन्त्री भइसकेका छन् । तर देउवा विधानकै व्यवस्थाअनुसार नेतृत्व छाड्न बाध्य भएका हुन् भने ओली विधान संशोधन गरेर तेस्रोपटक अध्यक्ष हुने दाउमा छन् । माओवादी केन्द्रका संयोजक प्रचण्ड झन्डै चार दशकदेखि नेतृत्वमै छन् । उनी सके अध्यक्षमै नभए अर्को कुनै पद सिर्जना गरेर भए पनि नेतृत्व नछाड्ने मुडमा देखिन्छन् । जेनजी आन्दोलनको रापतापले मुख्य तीन दल अर्ली महाधिवेशनमा जाँदै छन् । कुनै पनि राजनीतिक दलमा कसलाई नेता बनाउने भन्ने निर्णयको अधिकार आमकार्यकर्ता र सार्वभौम महाधिवेशन प्रतिनिधिमा निहित हुन्छ । उनीहरू कस्तो पार्टी चाहन्छन् ? भन्ने फैसला महाधिवेशनले पक्कै गर्ला । त्यस अर्थमा दलहरूका महाधिवेशन मुख्य दलहरू सुधार्ने मौका पनि हो । पार्टी पुनर्गठन, संगठन पुनर्संरचना, नीति/विचारको समीक्षा र नेतृत्व हस्तान्तरणको अवसर आएको रूपमा महाधिवेशनलाई आमकार्यकर्ताले बुझ्नुपर्छ ।

आउँदो मंसिर महिना दलहरूका लागि महाधिवेशनको महिना हुनेछ । अन्तरिम सरकारले २१ फागुनमा आमचुनाव गर्ने घोषणा गरेकाले पनि दलहरूले महाधिवेशन अघि सारेका हुन् । सरकारप्रति अनेक आशंका रहे पनि आमचुनावबाट दलहरू भाग्न सक्दैनन् । त्यसैले यो महाधिवेशनबाट नयाँ नेतृत्व, नीति र कार्यक्रम लिएर चुनावमा जाने अवसर पनि हो । दलहरूले वर्षौंदेखि पार्टी र सरकारमा परीक्षण भइसकेका उनै नेताहरूलाई अनुमोदन गर्छन् वा नयाँ नीति र नेतृत्व चाहन्छन् त्यसैमा ती दलको भविष्य पनि निर्भर हुनेछ । जेनजी पुस्तादेखि नयाँ वैकल्पिक शक्तिहरूसमेत उदाइरहेका बेला उनै नेतालाई काँधमा राखेर दल, विचार र राष्ट्रको भविष्यप्रति जोखिम मोल्ने छुट अब कार्यकर्तालाई पनि छैन ।

# न्याय प्रणालीमा सुधारको बहस

*नेपालको न्याय प्रणालीमा सुधार केवल चाहना होइन, बाध्यता हो । न्याय ढिलो भयो भने असमानता बढ्छ । न्याय निष्पक्ष भएन भने जनतामा असन्तोष बढ्छ ।*

अग्रलेख



● रूपा अर्याल

नेपालको न्याय प्रणालीलाई लोकतन्त्रको मेरुदण्ड भनेर व्याख्या गरिन्छ । न्यायले राज्य र नागरिकबीचको सम्बन्ध सन्तुलित राख्ने काम गर्छ । तर पछिल्ला वर्षहरूमा नेपालमा न्याय प्राप्तिको सवाल विवादास्पद बन्दै गएको छ । ढिलो न्याय, प्रभावशालीहरूको पकड, पारदर्शिताको कमी र आमनागरिकको पहुँच नहुने अवस्था आजको प्रमुख समस्या बनेको छ । त्यसैले प्रश्न उठेको छ– के नेपालको न्याय प्रणालीमा सुधार आवश्यक छ ? उत्तर स्पष्ट छ– हो, सुधार अपरिहार्य छ ।

नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको प्रत्याभूति दिएको छ । तर व्यवहारमा त्यो स्वतन्त्रता कति कायम छ भन्ने प्रश्न बारम्बार उठ्छ । न्यायालयमा नियुक्ति, सरुवा र पदोन्नतिको प्रक्रियामा राजनीतिक प्रभाव देखिन्छ । सर्वोच्च अदालतका न्यायाधीशदेखि जिल्ला अदालतसम्म राजनीतिक भागबण्डाको प्रभावले न्यायिक मर्यादा घटाएको अनेक उदाहरण छन् । नागरिकले न्याय पाउने अपेक्षा गर्ने ठाउँ नै विवादित बन्नु देशको लोकतान्त्रिक स्वास्थ्यका लागि चिन्ताजनक हो । न्याय प्रणालीको अर्को गम्भीर समस्या भनेको ढिलासुस्ती हो । 'ढिलो न्याय अन्याय बराबर हो' भन्ने भनाइ नेपालमा सान्दर्भिक छ । मुद्दा दर्ता हुँदा दसकौंसम्म टुंगो नलाग्ने उदाहरण प्रशस्त छन् । साधारण नागरिकले न त मुद्दाको शुल्क तिर्न सक्छ, न त कानुनी प्रक्रियाको जटिलता बुझ्न । मुद्दा मिलाउन वकिल, नोटरी र अदालतबीच धाउनुपर्ने अवस्था हुँदा आमजनतामा न्यायप्रणालीप्रति विश्वास घट्दै गएको छ ।

नेपालमा न्यायिक पहुँच अझै पनि असमान छ । सहरमा बस्ने र कानुनी साक्षरता भएका व्यक्तिले केही हदसम्म न्याय पाउने अवसर पाउँछन् तर ग्रामीण भेगका गरिब, महिला, दलित तथा सीमान्तकृत समुदायका मानिसका लागि न्याय अझै पनि विलासिता जस्तै छ । नेपाल बार एसोसिएसनको अध्ययनअनुसार पनि देशका आधाभन्दा बढी नागरिकले कानुनी सहायता कहिल्यै नपाएको तथ्यले नै प्रणालीको असमानता देखाउँछ ।

न्याय प्रणालीको विश्वास घटाउने अर्को कारण भनेको भ्रष्टाचार र पारदर्शिताको अभाव हो । अदालतका आदेशहरूमा पनि कहिलेकाहीँ प्रभावशाली व्यक्ति वा संगठनको दबाब परेको आशंका जनाइन्छ । कतिपय निर्णयहरूमा जनताले नै 'राजनीतिक निर्णय' भनेर टिप्पणी गर्ने अवस्था आएको छ । न्यायाधीशहरूको आचरण, सम्पत्ति विवरण र स्वार्थको टकरावका मुद्दा बारम्बार सार्वजनिक हुँदै आएका छन् । यस्ता कारणले अदालतको विश्वसनीयता घट्दै गएको छ ।

सुधारका कुरा गर्दा न्यायिक संरचनाको पुनरावलोकन आवश्यक छ । पहिलो, न्यायाधीश नियुक्ति र मूल्यांकन प्रणालीलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नुपर्छ । न्यायपरिषद् पूर्णरूपमा स्वतन्त्र र पारदर्शी हुनुपर्छ । नियुक्तिमा योग्यता, अनुभव र इमानदारीलाई प्रमुख मापदण्ड बनाइने हो भने न्यायको गुणस्तर स्वतः बढ्नेछ ।

दोस्रो, अदालत प्रक्रियालाई डिजिटल र सरल बनाउनुपर्छ । नेपालमा अझै पनि धेरै अदालतहरूमा पुरानो फाइल प्रणाली प्रयोगमा छन् । मुद्दाको अवस्था हेर्न, पेसी मिति थाहा पाउन वा आदेशको प्रतिलिपि लिन नागरिकलाई साक्षात्कार गर्नुपर्ने अवस्था छ । यदि अदालतका सबै




काम प्रविधिमै आधारित बनाइए (जस्तै : अनलाइन फाइलिङ, डिजिटल आदेश, भिडियो हेयरिङ) न्यायको गति तीव्र र पारदर्शी बन्नेछ ।

तेस्रो, कानुनी सहायता प्रणालीलाई बलियो बनाउनु जरुरी छ । गरिब र अशिक्षित वर्गका लागि निःशुल्क कानुनी परामर्श र वकिल उपलब्ध गराउने व्यवस्था प्रभावकारी बनाउन सकियो भने मात्र 'सबैका लागि समान न्याय' भन्ने संवैधानिक भावना पूरा हुन्छ । यो प्रयोजनका लागि संघीय र स्थानीय सरकारबीच सहकार्य आवश्यक छ ।

चौथो, न्यायाधीश र कानुन व्यवसायीको आचरण संहिता कडाइका साथ कार्यान्वयन हुनुपर्छ । इमानदारी र नैतिकताबिना न्याय प्रणाली टिक्दैन । न्यायिक निकायहरूमा नियमित मूल्यांकन, प्रशिक्षण र पारदर्शी निरीक्षण प्रणाली स्थापना गर्न जरुरी छ ।

पाँचौं, अदालतका निर्णय कार्यान्वयनमा आउने कमजोरी पनि सुधारको मुख्य विषय हो । नेपालमा धेरै मुद्दा फैसला भए पनि कार्यान्वयन हुँदैनन् । सरकारी निकायले अदालतको आदेशलाई बेवास्ता गर्ने, वा प्रशासनिक ढिलाइका कारण न्याय प्रभावकारी रूपमा लागू नहुने समस्या छ । न्याय केवल निर्णयमा होइन, त्यसको कार्यान्वयनमा पनि समान रूपमा महत्वपूर्ण हुन्छ ।

यी सुधारका साथै, जनचेतना र कानुनी शिक्षा विस्तार पनि अनिवार्य छ । विद्यालयदेखि विश्वविद्यालयसम्म कानुनी साक्षरताको पाठ्यक्रम समावेश गरिनुपर्छ । नागरिकलाई आफ्नो अधिकार र

> *राजनीतिक प्रणाली परिवर्तन भए पनि न्याय प्रणाली पुरानो ढर्रामा अड्किएको छ । जबसम्म न्याय प्रणालीमा सुधार हुँदैन, तबसम्म शासन प्रणालीको विश्वसनीयता स्थापित हुन सक्दैन । निष्पक्ष, छिटो र पहुँचयोग्य न्याय नै सुशासनको आधार हो ।*

जिम्मेवारीबारे जानकारी हुँदा मात्र उनीहरूले अन्यायविरुद्ध आवाज उठाउन सक्छन् । न्यायप्रणाली बलियो हुनु भनेको केवल अदालत सशक्त हुनु होइन, नागरिक पनि सचेत हुनु हो ।

नेपालले लोकतान्त्रिक गणतन्त्रको यात्रा थालेको दसकौं भइसकेको छ । तर राजनीतिक प्रणाली परिवर्तन भए पनि न्याय प्रणाली पुरानो ढर्रामा अड्किएको छ । जबसम्म न्याय प्रणालीमा सुधार हुँदैन, तबसम्म शासन प्रणालीको विश्वसनीयता स्थापित हुन सक्दैन । निष्पक्ष, छिटो र पहुँचयोग्य न्याय नै सुशासनको आधार हो ।


भन्न सकिन्छ- नेपालको न्याय प्रणालीमा सुधार केवल चाहना होइन, बाध्यता हो । न्याय ढिलो भयो भने असमानता बढ्छ । न्याय निष्पक्ष भएन भने जनतामा असन्तोष बढ्छ । र जब न्याय प्रणाली कमजोर हुन्छ, तब राज्यको नैतिक अधिकार नै खस्किन्छ । त्यसैले, समयमै सुधार गरेर न्यायपालिकालाई पारदर्शी, स्वतन्त्र र जनमुखी बनाउन सके मात्रै नेपालले साँच्चै कानुनको शासनमा आधारित समाज निर्माण गर्न सक्छ ।

## इतिहासमा आज

१६ अक्टोबर १९७५ मा अस्ट्रेलियाली गठबन्धनले सरकारको वार्षिक बजेटका लागि कोष स्थगित गर्न मतदान गरिएको थियो । जसले अस्ट्रेलियामा संवैधानिक संकट निम्त्याएको थियो ।



१६ अक्टोबर १९७८ मा कार्डिनल कारोल वोज्टिला पोप जोन पल द्वितीयका रूपमा पोप पदमा निर्वाचित भएका थिए । उनी १५२३ पछि पहिलो गैर-इटालियन पोन्टिफ बने ।



१६ अक्टोबर १९६४ मा लियोनिद ब्रेज्नेभ सोभियत कम्युनिस्ट पार्टीको नेता बनेका थिए । ब्रेज्नेभ पार्टीको नेता बन्दा एलेक्सी कोसिगिन सरकार प्रमुख बनेका थिए ।



१६ अक्टोबर १९६८ मा ओलम्पिक ब्ल्याक पावर सलाममा भाग लिएकोमा टोमी स्मिथ र जोन कार्लोसलाई अमेरिकी ओलम्पिक टोलीबाट निष्कासन गरिएको थियो ।



# निर्वाचनको तयारी र राजनीतिक विश्वास

विचार



● ईश्वर बुढाथोकी

> *निर्वाचन लोकतन्त्रको आधार हो । यो प्रक्रिया जनताको अधिकारको प्रतिनिधित्व गर्ने, विधि र पद्धति स्थापित गर्ने माध्यम हो । जसरी नेपालको संविधानले १८ वर्ष पूरा भएका सबै नागरिकलाई मतदानको अधिकार दिएको छ । त्यस्तै, प्रत्येक नागरिकको कर्तव्य पनि हो कि उनीहरूले आफ्नो मतको प्रयोग गरेर लोकतन्त्रको रक्षा गर्न योगदान पुऱ्याउन् ।*

नेपालको लोकतन्त्रको ऐतिहासिक यात्रा एक महत्वपूर्ण मोडमा पुगेको छ । प्रतिनिधि सभा विघटनसँगै २१ फागुनमा हुने चुनावको मिति घोषणा गरिएको एक महिना पूरा भएको छ । यो मिति नेपालका सबै राजनीतिक दल र सरकारका लागि परीक्षा बन्न गएको छ किनकि आगामी निर्वाचनले मुलुकको राजनीतिक र संविधानको भविष्य तय गर्नेछ । यो समय साँचो अर्थमा लोकतन्त्र र जनताका विश्वासको परीक्षण हो ।

पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारको प्रमुख कार्य निर्वाचन सम्पन्न गराउनु हो । २१ फागुनको मितिमा चुनाव सम्पन्न गर्न सरकारलाई तीव्र तयारी र राजनीतिक सहमति आवश्यक छ । सरकारले पाँच महिनाभित्र सम्पूर्ण तयारी पूरा गर्नुपर्ने बाध्यात्मक अवस्था छ । यस समयमा कुनै पनि ढिलाइले मुलुकलाई थप राजनीतिक संकटमा पुऱ्याउन सक्छ । त्यसैले, सरकारले चुनावको मिति सुनिश्चित गर्न सबै तयारीमा तीव्रता ल्याउनु आवश्यक छ ।

राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा शीतल निवासमा भएको बैठकमा, प्रमुख दलका नेताहरूले निर्वाचनको सुरक्षा र निष्पक्षता सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् । शीतल निवासको बैठकमा भएको संवादले एउटा महत्वपूर्ण पाठ दिन्छ- लोकतन्त्रको रक्षा चुनावका माध्यमबाट मात्र सम्भव छ । प्रधानमन्त्री कार्की र दलका नेताहरूले आगामी चुनावको वातावरण बनाउन र शान्ति सुरक्षाको प्रबन्ध गर्ने विषयमा प्रतिबद्धता जनाएका छन् ।

यो समय, जेनजी आन्दोलनपछि उत्पन्न भएको सत्ता उथलपुथलको केही समयपछि भएको सर्वदलीय वार्ता हो । जेनजी आन्दोलनले जनता र राजनीतिक दलहरूमा ठूलो आक्रोश र संशय सिर्जना गरेको थियो । अहिले, दलहरूको आन्तरिक विवाद र विभिन्न आशंकाहरूले चुनावको प्रक्रिया थप जटिल बनाउन सक्छ । यद्यपि सरकार र दलबीचको संवाद पुनर्स्थापना भएको छ र अब सबै दलहरूले मिलेर निर्वाचन सम्पन्न गराउन विश्वास निर्माण गर्नुपर्ने अवस्था छ ।

अहिलेका लागि मुख्य चुनौती भनेको शान्ति र सुरक्षा सुनिश्चित गर्नु हो । दलका नेताहरूले निर्वाचनका लागि वातावरण तयार गर्न सरकारसँग माग गरेका छन्, विशेषगरी निर्वाचन प्रक्रियामा सुरक्षा निकायहरूको सहभागिता र तयारीबारे चिन्ता व्यक्त गरेका छन् । यदि शान्ति र सुरक्षामा कुनै कमी भयो भने, चुनावमा अवरोध सिर्जना हुन सक्छ जसले जनतामा अझै बढी भय र अनिश्चितता फैलाउन सक्छ । त्यसैले, सरकारको जिम्मेवारी हो कि उनीहरूले चुनावको वातावरण सुरक्षित र निष्पक्ष बनाउन कदम चालून् ।


निर्वाचनका तयारीमा निर्वाचन आयोग पनि सक्रिय भएको छ । आयोगले आगामी निर्वाचनका लागि कार्यतालिका सार्वजनिक गर्दै दलहरूलाई निर्वाचन दर्ता प्रक्रिया र प्रचारप्रसारका लागि मितिहरू तय गरिसकेको छ । आयोगले चुनावी प्रक्रिया सुचारु राख्न विभिन्न व्यवस्था तयार गरेको छ । यसरी, आयोग र सरकारको समन्वयले निर्वाचनको सुरक्षालाई सुनिश्चित गर्नमा महत्वपूर्ण भूमिका खेल्नेछ ।

तथापि निर्वाचनको सफलताका लागि राजनीतिक सहमति र विश्वास सबैभन्दा महत्वपूर्ण कुरा हो । जसरी राष्ट्रपति पौडेलले भनेका छन्, संविधान र लोकतन्त्रको रक्षा मात्र निर्वाचनका माध्यमबाट सम्भव छ । यसैले, सबै दलहरूले आन्तरिक विवादलाई थाती राख्दै, निर्वाचनमा भाग लिने वातावरण तयार गर्नु अत्यावश्यक छ । दलहरूको आन्तरिक समस्याले मुलुकको भविष्य संकटमा पार्न सक्छ । यदि दलहरूले निर्वाचन प्रक्रियामा भाग नगर्ने निर्णय गरे भने, यसले लोकतन्त्रमा ठूलो संकट ल्याउनेछ ।

निर्वाचन लोकतन्त्रको आधार हो । यो प्रक्रिया जनताको अधिकारको प्रतिनिधित्व गर्ने, विधि र पद्धति स्थापित गर्ने माध्यम हो । जसरी नेपालको संविधानले १८ वर्ष पूरा भएका सबै नागरिकलाई मतदानको अधिकार दिएको छ, त्यस्तै प्रत्येक नागरिकको कर्तव्य पनि हो कि उनीहरूले आफ्नो मतको प्रयोग गरेर लोकतन्त्रको रक्षा गर्न योगदान पुऱ्याउन । यसका लागि, सरकार र राजनीतिक दलहरूले एकजुट भएर निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरण सुनिश्चित गर्नुपर्नेछ ।


अबको प्रमुख चुनौती भनेको चुनावी वातावरण तयार पार्नु हो, जसले २१ फागुनको निर्वाचनलाई ऐतिहासिक बनाउनेछ । यसका लागि सबैको विश्वास र सहमतिमा केन्द्रित हुनुपर्नेछ । अन्ततः निर्वाचन मात्रै नेपालको लोकतन्त्रको रक्षा र भविष्यको आधार हुनेछ ।

## सामाजिक सञ्जाल



विपिन अधिकारी

कस्तो समाज बनाउँदै छौं हामी ? राजनीतिमा सबैलाई आफ्नो विचार राख्ने अधिकार छ र त्यो सधैं रहनु पनि पर्छ । तर जब राम्रो कुरा पनि कर्कस, छुद्र, अभद्र वा अपमानजनक भाषामा भनिन्छ, त्यसले केवल त्यस कुराको मूल्य मात्र घटाउँदैन, हेर्ने र सुन्ने व्यक्तिप्रति समेत हिंसा र पीडाको रूप लिन्छ । हैन र ?



शरदराज पाठक

प्रधानमन्त्रीको शपथग्रहणजस्तो राज्यले आयोजना गर्ने विशिष्ट समारोह टेलिभिजनमा हेर्दै गर्दा केही व्यक्तिको उपस्थिति र क्रियाकलाप निकै अशोभनीय लागेको थियो । एक जनाको वृत्तान्त आज मिडियामा आयो । आशा छ, मिडियाले अर्का एकको पनि चाँडै खोज्नेछन् ।



कृष्ण घिमिरे

कर्मचारीतन्त्र नालायक छ, जनताप्रति जवाफदेही छैन, राज्यको लगानी अत्यधिक छ तर उत्पादन बिलकुलै छैन । कर्मचारीतन्त्रमा आमूल शुद्धीकरण सबैको माग हो । तर यसको मतलब कोठाकोठा गएर थर्काउने होइन, जे भन्नु छ त्यो सरकारलाई भन्ने हो, दबाब दिने हो । आफ्नो संयन्त्रलाई जबाफदेही बनाउने काम सरकारको ।



यादव देवकोटा

लोकतान्त्रिक व्यवस्थामा दलहरूको विकल्प छैन । खराब दलको विकल्प उन्नत दल, भ्रष्ट नेताको विकल्प नेता । युगको ध्वनि छाम्न नसक्ने दलहरू छन्, तिनलाई बदलेर समयको टिकटिक सुन्न सक्ने दल चाहिएको छ । म कुनै दलमा छैन १६ वर्षदेखि । तर पार्टी चाहिन्छ । किनकि निर्दलीय व्यवस्था मन्जुर छैन ।

## काठमाडौं हरर चलचित्र महोत्सव

# १५ देशका २५ चलचित्र छनोट




**काठमाडौं/मस-** नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले पहिलोपटक आयोजना गर्न लागेको 'काठमाडौं हरर चलचित्र महोत्सव २०२५' का लागि छनोट भएका चलचित्रहरू र निर्णायक मण्डलको घोषणा गरिएको छ ।

महोत्सव आगामी अक्टोबर ३१ देखि नोभेम्बर २ (कात्तिक १४-१६) सम्म 'हेलोविन डे'को अवसर पारेर कमलपोखरीस्थित रसियन कल्चर सेन्टर (रूसी घर)मा हुने भएको छ।

यो नेपालमै पहिलो पटक आयोजना हुन लागेको हरर फिल्म महोत्सव हो, जसले लोककथा, मिथक, रहस्य र डरका कथामा आधारित चलचित्रहरू प्रदर्शन गर्नेछ । आयोजकका अनुसार विश्वभरका विभिन्न देशबाट प्राप्त १०० भन्दा बढी चलचित्रमध्ये १५ देशका २५ फिल्महरू प्रदर्शनका लागि छनोट गरिएको छ ।

चलचित्रको खुला आह्वान अन्तर्राष्ट्रिय प्लेटफर्ममार्फत गरिएको थियो । प्राप्त फिल्महरूलाई गुणस्तर, मौलिकता र पारदर्शिताको मापदण्डमा आधारित भएर मूल्यांकन गरिएको आयोजकले जनाएको छ ।

महोत्सवमा उत्कृष्ट फिचर फिल्म, उत्कृष्ट लघु फिल्म र उत्कृष्ट युवा फिल्म गरी तीन विधामा पुरस्कार प्रदान गरिनेछ ।

निर्णायक मण्डलमा नेपालबाट छायांकन निर्देशक तथा फोटोग्राफर राजभाइ सुवाल, जर्मनीबाट चलचित्र समीक्षक होसाम फाह्मी, स्विडेन/लाटि्भयाबाट चलचित्र समीक्षक एलेक्जान्ड्रा एनबर्ग र मोरोक्कोबाट चलचित्र समीक्षक यास्मिन बुछफार रहेका छन् ।

आयोजकका अनुसार, महोत्सवको उद्देश्य नेपालमा हरर विधाका चलचित्र निर्माणलाई प्रोत्साहन गर्नु र यस शैलीप्रतिको दर्शकको रुची विस्तार गर्नु हो । हाल नेपाली चलचित्रमा हरर शैलीका फिल्महरू कम निर्माण हुने भएकाले यो महोत्सवले नयाँ सिर्जनात्मक प्रयोगलाई उत्साहित गर्ने अपेक्षा राखिएको छ ।

प्रतिष्ठानका अनुसार 'काठमाडौं हरर चलचित्र महोत्सव' नेपाली दर्शकका लागि एक नयाँ र रोचक सिनेमाटिक अनुभव हुनेछ । आयोजकले महोत्सवको सफलताका लागि सञ्चारमाध्यम र चलचित्रकर्मीको सहकार्य र समर्थनका लागि पनि अनुरोध गरेका छन् ।

# बबिताको 'निधार खाली भो'




**काठमाडौं/मस-** सक्रिय र सिर्जनात्मक निर्देशनका लागि चिनिएकी निर्देशक बबिता श्रेष्ठले तिहार लक्षित नयाँ गीत 'निधार खाली भो'को म्युजिक भिडियो सार्वजनिक गरेकी छन् ।

भिडियोमा तिहारको बेला परदेशमा रहेका दाजुभाइ घर नफर्किंदा बहिनीले भोग्ने पीडा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । प्रतीक्षामा रहेकी चेलीसामु जब बाकसमा दाजुभाइको लास आइपुग्छ, त्यो क्षणको संवेदना निर्देशकले यथार्थपरक ढंगले चित्रण गरेकी छन् ।

गीतमा विमल अधिकारी, बिना राउत, कमल ताम्राकार, लक्ष्मी भण्डारी र नव थापा लगायतका कलाकारले जिवन्त अभिनय गरेका छन् ।

गीतका शब्द दिनेश सुवेदी, संगीत सन्तोष प्रगाढ, र स्वर कमल घले र जुनु प्रसाईको रहेको छ ।

भिडियोको छायांकन मुकेश हुमागाईं टिमले, सम्पादन विकास दाहालले, र पोस्टर डिजाइन राजेन्द्र पुरीले गरेका हुन् ।

निर्देशक बबिता श्रेष्ठले आफ्ना अघिल्ला सिर्जनाहरूलाई जस्तै यस भिडियोले पनि दर्शक र स्रोताको माया पाउने विश्वास व्यक्त गरिन् ।

# 'लालीबजार'को छायांकन सुरु



**काठमाडौं/मस-** षट्कोण आर्टसको ब्यानरमा बन्ने नयाँ फिल्म 'लालीबजार'को छायांकन बर्दियाको राजापुरबाट आजदेखि औपचारिक रूपमा सुरु गरिएको छ । शुभ साइतका साथ सुरु भएको फिल्मको छायांकन करिब ३५ दिनसम्म चल्ने निर्माणपक्षले जानकारी दिएको छ ।

फिल्ममा नायिका स्वस्तिमा खड्का मुख्य भूमिकामा देखिनेछिन् भने कथा, पटकथा र निर्देशन यम थापाले गरेका छन् ।

फिल्मका कार्यकारी निर्माता प्रदीप भट्टराई हुन् भने निर्माणमा म्याक्स दीपेश खत्री र रविन्द्र सिंह बानियाँ संलग्न रहेका छन् ।

हालसम्म फिल्मको कथावस्तु गोप्य राखिएको छ । तर केही समयअघि सार्वजनिक गरिएको पोस्टरमा स्वस्तिमालाई गर्भवती पात्रको रूपमा प्रस्तुत गरिएको थियो, जसले फिल्मको विषयप्रति दर्शकको जिज्ञासा बढाएको छ ।

## Barpak Sulikot Rural Municipality
## Office of Rural Municipal Executive
**Takukot, Gorkha**

### Invitation for Bids

**Date of publication: 2082/06/ 30, (16th, October, 2025)**

1. **Barpak Sulikot Rural Municipality, Office of Rural Municipal Executive,** Takukot, Gorkha invites **online bids** only under e-procurement system from eligible bidders for the construction of works as *mentioned below;*
2. **For Serial No. 1, Only Eligible bidders Meeting the Following Key Qualification shall be permitted to Participate in this Bidding Process :**
   - **Minimum Average Annual Construction Turn Over of the best 3 years within the last 10 years NRs. 64.80 Million.**
   - **Minimum Works Experience of Similar size & Nature, One number of Road Project Works with Ashaphalt Pavements Project with the value of 34.5 Million.**
   - **Minimum Bid Capacity NRs. 77.75 Million**
3. The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever.
4. .Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the Revenue Account within the date and time specified in the Bid Documents. Bids submitted in hardcopy shall not be accepted.

| S.No. | IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and PS (NRs.) | Bid Security Validity Period (days from the date of bid opening) |
|---|---|---|---|---|---|---|---|
| 1 | 03/082/083-WORKS | BSRM/GO/ROAD/NCB/WORKS/082/083-03 | Construction Works of Chanaute-Palkhu-Gaupalika Kendra Ashaphalt Road, BSRM-05 & 06 | 5,000.00 | 24,75,000.0 | | 120 days |
| 2 | 04/082/083-WORKS | BSRM/GO/ROAD/NCB/WORKS/082/083-04 | Road Improvement Works Along Tamalabot-Arukharka-Jalbire-Dadagau Sadak, BSRM-05 | 3,000.00 | 3,75,000.00 | 1,29,28,437.92 | 120 days |
| 3 | 05/082/083-WORKS | BSRM/GO/ROAD/NCB/WORKS/082/083-05 | Road Improvement Works Along Palkhu -Mohariya Road, \|BSRM-06 | 3,000.00 | 75,500.00 | 25,68,853.89 | 120 days |
| 4 | 06/082/083-WORKS | BSRM/GO/ROAD/NCB/WORKS/082/083-06 | Road Improvement Works Along Deurali -Baluwa Road, BSRM-07 | 3,000.00 | 3,55,000.0 | 1,19,92,797.84 | 120 days |

**Chief Administrative Officer**

### शिलवन्दी वोलपत्रद्वारा खयर-टुनटुक्रा) लिलाम विक्रीको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/३०**

ऋषिङ गा पा ३ तनहुँ स्थित कालिगण्डकी नदीको किनारमा वेवारिसे भेटिई ऋषिङ सव डिभिजन वन कार्यालय ऋषिङको कम्पाउण्डमा घाटगद्दी गरी राखिएका गोलिया थान ४८७ को १९७.६७ क्यू.फि. खयर काठ -टुनटक्रा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा उठाई लैजानु पर्ने यस कार्यालयको आ.व.०८२।०८३ को लट नं. १वाट जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी वोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले प्रथम पटक २१ (एक्काईस) दिने यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**डिभिजन वन कार्यालय, तनहुँ**
**फोन नं. ०६५५६३१३५**

**साउदीमा रोजगार**
कम्पनी: TAP GULF FOR HUMAN RESOURCE COMPANY — शहर: RIYADH — पून विज्ञापन
पूर्व स्वीकृत मिति: २०८२/०३/१३ — चलानी नं.: ६०२४०२२७ — L.T. No.: 326289

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 19 | 0 | स. काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज ९ गते (26 OCtober 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KANTIPUR MANPOWER SERVICE PVT.LTD.**
काठमाडौं-३, सामाखुसी, फोन नं.:०१–४९७९७७७, ४९७९५५५, ४९७९६६६
Email: info@kantipurmanpower.com, Website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२

**साउदीमा रोजगार**
कम्पनी : JEDDAH VELVET HOTEL ESTABLISHMENT — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८२/०६/२६ — चलानी नं.: ६०२४५९६२ — LT. No.: 332265

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading & Unloading | 5 | 0 | स. काममा दक्ष | 1500 | ५६,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ६ गते (23 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Pritam Employment Pvt.Ltd.**
Sinamangal-9, Kathmandu (In Front of Airport Gate )
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com
Govt. Lic. No.: 1468/074/75

**साउदीमा रोजगार**
कम्पनी: FIRST SERVICE COMPANY FOR OPERATION AND MAINTENANCE — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०६/२९ — चलानी नं.: ६०२४६११५ — LT. No.: 332434

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ६ गते (23 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PROFESSIONAL Recruiters Group**
Kathmandu- 3 , Nepal. Phone No: 01-4975466.Email: www.prgnepal.com/info@prgnepal.com
Govt. Lic. No. 1767/081/082

"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन : समृद्ध, सुसंस्कृत शहिद लखन"

## शहिद लखन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**घैरुङ्, गोरखा**
**२०७३**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति: २०८२/०६/३०)**

यस कार्यालयबाट मिति २०८२/०४/३० गतेको EGP/E-Bidding मार्फत तथा मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको विबरण | बोलपत्रदाताहरुको नाम र ठेगाना | कबोल रकम (मु.अ कर बाहेक र PS सहित) |
|---|---|---|---|
| SLRM/GO/NCB/W/ROAD/082/083/01 | Upgrading works of Ludikhola Gurdum Maskichhap Tinmane Jumlichautara Road | Keshab Nirman Sewa, Dimipokhari-7, Ramechhap | 65,45,937.91 |

**प्रमुख प्रशासकीय अधिकृत**

# विद्युत् खरिदको प्रतिस्पर्धी दर तय गरौं : मन्त्री घिसिङ



**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले जलविद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए)को प्रतिस्पर्धी दर तय गर्न विद्युत् नियमन आयोगलाई आग्रह गरेका छन् ।

आयोगको गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन आज बुझ्दै मन्त्री घिसिङले जलविद्युत् आयोजनाबाट उत्पादित ऊर्जालाई थप सर्वसुलभ, प्रतिस्पर्धी र पारदर्शी बनाउन प्रतिस्पर्धी आधार दर तय गर्नुपर्ने आवश्यकता औंल्याए । आयोगका अध्यक्ष रामप्रसाद धितालले प्रतिवेदन मन्त्री घिसिङसमक्ष पेस गरेका थिए ।

आयोगका पदाधिकारीलाई निर्देशन दिँदै मन्त्री घिसिङले भने, 'सौर्य ऊर्जाको हाल प्रतिस्पर्धी आधार दर रहेको छ जसले पिपिएलाई प्रतिस्पर्धी र पारदर्शी बनाएको छ, त्यसैगरी जलविद्युत् आयोजनाको पिपिएको वास्तविक मूल्य तय गर्न, प्रक्रियालाई स्तरीय बनाएर पिपिए प्रतिस्पर्धाबाट गर्न आधार दर तय गर्ने र बोलपत्रसम्बन्धी कागजात तयार गर्नुहोस् ।'

नेपाल विद्युत् प्राधिकरणले हाल सौर्य ऊर्जा प्रतिस्पर्धाबाट खरिद गर्दै आएको छ । त्यसका लागि प्रतिस्पर्धाको अधिकतम आधार दर प्रतियुनिट पाँच रुपैयाँ ९४ पैसा रहेको छ । जलविद्युत् आयोजनाको पिपिए दर वर्षा र हिउँदयामका लागि प्रतियुनिट दर क्रमशः चार रुपैयाँ ८० पैसा र आठ रुपैयाँ ४० रहेको छ ।

नियमनकारी निकायले गर्ने कामलाई प्रभावकारी बनाउन आयोगका पदाधिकारीलाई निर्देशन दिँदै मन्त्री घिसिङले निजी क्षेत्रलाई प्रवर्धन एवं प्रोत्साहन र प्राधिकरणलाई दिगो बनाउने गरी आफ्ना क्रियाकलापमा केन्द्रित हुन आग्रह गरे ।

## धितोपत्र बोर्ड र इप्पानबीच विवाद

# सेयर निष्कासनमा ढिलाइ गरे आन्दोलनमा जाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ असोज

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)ले धितोपत्र बोर्डद्वारा जलविद्युत् कम्पनीको आइपिओ र हकप्रद सेयर निष्कासनमा भएको ढिलाइले निजी क्षेत्रका लगानीकर्ता निरुत्साहित भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न सरकारसँग आग्रह गरेको छ ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा इप्पानले विगत २८ महिनादेखि धितोपत्र बोर्डले जलविद्युत् कम्पनीका सेयर निष्कासनमा गरेको ढिलाइले ऊर्जा क्षेत्रको विकासमा गम्भीर असर परेको दाबीसमेत गरेको छ ।

इप्पानका अध्यक्ष गणेश कार्कीले हालसम्म ९ सय ७५ मेगावाट बराबरका कुल ४३ कम्पनीको आइपिओ र सातवटा कम्पनीको हकप्रद सेयर निष्कासन गरी कुल २३ अर्ब २७ करोड ८ लाखबराबरको धितोपत्र निष्कासन हुन नसकेको बताए ।

'आइपिओ र हकप्रद सेयर निष्कासन नहुँदा ऊर्जा क्षेत्रले १ खर्ब ८ अर्ब ५० करोड गुमाउनुपरेको छ, समयमै जारी नभएको कारण १२ अर्ब ४० करोड ५४ लाख ब्याज रकम बढेको छ भने २४ अर्ब ३० करोड ६७ लाख लागत बढेको छ, साथै, ७१ अर्ब ७८ करोड ८१ लाख राजस्व आम्दानी गुमेको छ,' उनले भने ।




यसका साथै उनले रियल नेटवर्थ भन्ने शब्द र त्यस्तो नेटवर्थ ९० भन्दा माथि हुनुपर्ने कारण देखाएर रिचेत जलविद्युत्, बेनी हाइड्रोपावर, युनिक्यु हाइडेल, याम्बलिङ, लाफिङबुद्ध र पुवा खोला जलविद्युत् कम्पनीलाई आइपिओ आवेदनबाटै हटाइएकामा समेत उनले असहमति जनाए ।

इप्पानले धितोपत्र बोर्डले हाल 'रियल नेटवर्थ' भन्ने नयाँ अवधारणा प्रयोग गरी केही कम्पनीलाई आवेदनबाट हटाएको विषय कानुनमा आधारित नभएको बताएको छ । इप्पानले ऊर्जा आयोजनाले उत्पादन सुरु गरेपछि मात्रै आइपिओ निष्कासन गर्न पाउने भन्ने धितोपत्र बोर्डको नीति अदूरदर्शी रहेको बताएको छ । निर्माणाधीन अवस्थामा रहेका परियोजनामा ठुलो लगानी आवश्यक हुने भएकाले निर्माणकै क्रममा सेयर निष्कासन गर्न पाउने कानुनी व्यवस्था रहेको इप्पानको दाबी छ ।

'आइपिओबाट आउने रकमलाई प्रवर्धकले स्वपुँजीका रूपमा देखाएर वित्तीय संस्थाबाट ऋण लिने गरेका छन्,' महासचिव बलराम खतिवडाले भने, 'तर नयाँ नीतिले यस्तो आयोजना वित्तीय संकटमा पार्ने खतरा बढेको छ ।' इप्पानले हाल देशका विभिन्न जिल्लामा १० प्रतिशत निःशुल्क सेयर माग्दै आयोजना अवरोध गर्न थालेको घटनाप्रति चिन्ता व्यक्त गरेको छ । भोटेकोशी जलविद्युत् आयोजनामा स्थानीयले निःशुल्क सेयर माग गर्दै एक महिना दुई दिनसम्म विद्युत् उत्पादन रोक्दा ३२ करोडबराबरको क्षति भएको उदाहरण दिँदै इप्पानले यस्तो गैरकानुनी मागले ऊर्जा लगानीमै संकट ल्याउने चेतावनी दिएको छ । भोटेकोशी कम्पनीले निःशुल्क सेयर दिने सहमति नगरेको र केवल सेयर खरिदका लागि कानुनी सहमति मात्र भएको इप्पानले स्पष्ट पारेको छ ।

इप्पानले आफ्ना माग तुरुन्त सम्बोधन नभए प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र धितोपत्र बोर्डका अध्यक्षलाई ध्यानाकर्षण गराउने तयारी भइरहेकोसमेत जनाएको छ । 'रियल नेटवर्थ'का आधारमा आवेदन हटाइएका कम्पनीले धितोपत्र बोर्ड अध्यक्षविरुद्ध मुद्दा दायर गर्ने, लगानीकर्ताको १ खर्ब ८ अर्ब ५० करोडबराबरको क्षतिपूर्ति माग्दै अख्तियारमा उजुरी गर्ने, माग नमानिएमा १५ दिनभित्र कडा आन्दोलन सुरु गर्ने इप्पानको तयारी छ ।

## कर्पोरेट समाचार

# बुटवलमा प्रोटोनको सोरुम




**बुटवल/मस–** जगदम्बा मोटर्सअन्तर्गत रहेको इभी ब्रान्ड प्रोटोन इमासले बुटवलमा आफ्नो नयाँ सोरुम विस्तार गरेको छ । देशव्यापी रूपमा सोरुम विस्तार गर्ने क्रममा कम्पनीले बुटवलमा सोरुम विस्तार गरेको हो ।

सोरुम उद्घाटनको अवसरमा कम्पनीले १५ वटा प्रोटन इमास सवारीसाधन ग्राहकलाई हस्तान्तरण गरेको छ । नयाँ श्री एस सोरुममा विश्वस्तरीय सेवा, बिक्री सहयोग र ग्राहक सेवा सुनिश्चित गर्दै बुटवलमा प्रोटोन इमासका ग्राहकले उच्चस्तरीय विद्युतीय सवारी अनुभव गर्न पाउने कम्पनीको भनाइ छ ।

यस सोरुमको व्यवस्थापन बलाजी ई अटोमोबाइल्सले गर्नेछ । सोरुमको उद्घाटन उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले गरेका थिए ।

# कामना सेवाले ल्यायो 'डोर स्टेप बैंकिङ सर्भिस'




**काठमाडौं/मस–** कामना सेवा विकास बैंक लिमिटेडले विशिष्ट बचत खाताअन्तर्गत नेपालकै पहिलो 'डोर स्टेप बैंकिङ सर्भिस' सार्वजनिक गरेको छ । नेपालको बैंकिङ क्षेत्रमा नयाँ सुविधाको सुरुवातका रूपमा बैंकले सो सेवा ल्याएको हो ।

सो सुविधा विशेषगरी आफ्नो दैनिक कार्यमा व्यस्त रहने तथा बैंकसम्म नआई बैंकिङ सुविधा लिन चाहने ग्राहकको लागि फाइदाजनक हुने बैंकले जनाएको छ । अत्याधुनिक प्रविधिमा आधारित यस सेवाअन्तर्गत ग्राहकले बैंकले प्रदान गर्ने विभिन्न सेवा आफ्नो घर वा कार्यालयमा बसेर प्राप्त गर्न सक्नेछन् । साथै, सुविधा निःशुल्क रूपमा प्रदान गरिएको जनाइएको छ । ग्राहकले आफ्नो मोबाइल बैंकिङ एपमार्फत आवश्यक सेवा अनुरोध गर्न सक्ने र अनुरोध प्राप्त भएपश्चात् बैंक प्रतिनिधिले अनुरोध गरिएको स्थानसम्म नै पुगी उक्त सेवा प्रदान गर्ने बैंकले जनाएको छ । यसले डिजिटल बैंकिङको प्रवर्धन गर्दै बैंकिङ पहुँचलाई अझ सहज, सरल र प्रविधिमैत्री बनाइएको बैंकले जनाएको छ ।

# एनआइसी एसियाका ग्राहकलाई एसियन बुद्धको सेवामा छुट



**काठमाडौं/मस–** एनआइसी एसिया बैंकका ग्राहकले एसियन बुद्ध होटलमा सेवा लिँदा विशेष छुट पाउने भएका छन् । सो विषयमा बैंक र होटलबीच सम्झौता भएको हो ।

दुवै पक्षबीच भएको सम्झौताअनुसार सिद्धार्थनगर, रुपन्देहीमा रहेको बुद्ध होटलमा सेवा लिए डिजिटल भुक्तानी गर्दा १५ प्रतिशत छुट प्राप्त गर्न पाउने भएका छन् । ग्राहकले सो होटलमा कुनै पनि सेवा लिई डिजिटल भुक्तानी गर्दा सो छुट सुविधा प्राप्त गर्न पाउने जनाइएको छ ।

यस सुविधाको उपयोग गर्न ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबाइल बैंकिङ एपमार्फत भुक्तानी गर्नुपर्नेहुन्छ । होटलसँगको यस सहकार्यले ग्राहकले छुट सुविधा प्राप्त गर्नुको साथै मुलुकको डिजिटल भुक्तानी सेवा प्रवर्धन हुने बैंकले जनाएको छ ।

# नेपाल बैंक र लिफ प्लसले गरे छुटसम्बन्धी सम्झौता




**काठमाडौं/मस–** नेपालको पहिलो बैंक नेपाल बैंक र लिफ प्लसबीच विशेष छुट सुविधासम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार नेपाल बैंकका कर्मचारी तथा बैंकमा खाता रहेका ग्राहकहरूले लिफ प्लसले उत्पादन गर्ने सुपारीको पातबाट निर्मित वातावरणमैत्री घरायसी सामग्री खरिद गर्दा विशेष छुट पाउने भएका छन् ।

लिफ प्लसले काठमाडौंको शंखमूलमा उत्पादन गर्ने प्राकृतिक प्लेट, कचौरा, थाल, चम्चालगायतका सामग्री कम्पनीको वेबसाइट वा मोबाइल नम्बरमार्फत अर्डर गर्न आग्रह गरेको छ । यस्तै, ग्राहकले नेपाल बैंकको मोबाइल बैंकिङ एप प्रयोग गरी भुक्तानी गरेमा बिल रकममा २० प्रतिशतसम्म छुट प्रदान गरिने व्यवस्थासमेत रहेको जनाइएको छ ।


**Bodebarsain Municipality**
**Office of the Municipal Executive**
**Bodebarsain, Saptari**
**Madhesh Province, Nepal**

**Invitation for Sealed Quotation 0nly electronic bids**

**First Date of publication:2082/06/30**

Bodebarsain Municipality Invites Only electronic bids from Nepalese eligible bidders for the Following Projects under Sealed Quotation procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bodebarsain Municipality, Office of the Municipal Executive, Saptari or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N | Name of the project | Contract identification | Estimated Amount NRs. (InclusiveVAT) | Bid Security Amount NRs. | Bid Price NRs. | Last Date of Submission |
|---|---|---|---|---|---|---|
| 1 | Procurement of Medical Equipment for Birthing Centre & Lab | BBMS/SQ/Goods/ 2082/083-02 | 4631870.00 | 125000.00 | 1,000 | 2082/07/14 |

**Chief Administrative Officer**

**Ramdhuni Municipality**
**Office Of The Municipal Executive**
**Jhumka, Sunsari, Koshi Province , Nepal**

**Invitation for Bids**

**Date of publication: 2082/06/30**

1. ***Ramdhuni Municipality, Office of the Municipal Executive*** invites electronic bids from Nepalese eligible bidders for the construction of *works as specified below* under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of ***Ramdhuni Municipality,office of the Municipal Executive*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.N | Contract No. | Description of Work | Estimated Amount (With VAT | Bid Security Amount NRs | Price of Bid Document NRs |
|---|---|---|---|---|---|
| 1. | RMY/NCB/11/082/083 | Bichala Tole Shiwanagar dekhi pandita chowk jane bato kalopatra / Shiwanagar Sitaram Chaudharyko Ghar hudai Dhan Bahadur Nahar samma kalopatre /Dhamaouri dattakicha jodane bato kalopatre ward no 2 /Dhamoura ram prasad ojha ghar purwa dattakicha pull jane batoma kalopatra ward no -2 | 7728506.84/- | 185000/- | 3000/- |
| 2. | RMY/NCB/12/082/083 | Jhumka Bajar bat Mithhu chowk hudai dumariya jane bato kalopatre | 4890978.43/- | 116000/- | |
| 3. | RMY/NCB/13/082/083 | Sainimaini shiwa mandir dekhi surat lal chaudharyko ghar hudai pokhariya tole hudai nahar jane batoma interlock ward no -1 | 3326036.78/- | 79000/- | |

3. Information to deposit the cost of Bidding Document in Bank
*Name of the Bank: NIC Asia Bank, Jhumka* — *Name of Office: Ramdhuni Municipality*
*Office Code no. : 801011406* — *Office Account no.: 0892050027908002*
*Rajaswa (revenue) Shirshak no. : GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA*
4. Pre-bid meeting shall be held at Ramdhuni Municipality, Office of the Municipal Executive at 11:00 AM, on 2082/07/16
5. Only Electronic bids should be submitted through PPMO website **www.bolpatra.gov.np/egp** on or before 12:00 noon on 2082/07/30. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2082/07/30, 1:00 noon at the office of Ramdhuni Municipality, Office of the Municipal Executive. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting as specified above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**